# *पहिलो परिच्छेद*
# १. सिर्जनात्मक लेखनसम्बन्धी प्राक्कथन

## १.१ सिर्जनात्मक लेखनको परिचय

सिर्जना शब्दको व्युत्पत्ति सृज धातुमा अन्+आ प्रत्यय लागेर भएको हो । सृज्को अर्थ कुनै नयाँ कुराको उत्पादन वा रचना गर्नु हो । अन्+आ प्रत्यय लागेपछि बनेको सृजना शब्दले कुनै नयाँ वस्तुको आविष्कार, सृष्टि वा रचना भन्ने बुझ्न सकिन्छ । सिर्जना नयाँ सोचले उत्पादित वस्तु हो । सिर्जना भनेको छुट्टै र प्रत्यक्ष अस्तित्वमा नभएको वस्तुको निर्मिति हो (सुवेदी, २०६४:१) । सिर्जना शब्दले निर्माण, रचना, लेखन, सृष्टि आदि बुझाउँछ । यसकारण सिर्जन कार्य चित्रकला, मूर्तिकला, साहित्य, विज्ञान अनेक क्षेत्रमा हुने गर्छ । साहित्य क्षेत्रमा सिर्जनाका सन्दर्भमा अलि फरक मान्यता छ । यस क्षेत्रमा सबै रचना वा निर्माणलाई सिर्जना नमानी साहित्यिक सिर्जनधर्मी गुण भएका विशिष्ट रचनालाई मात्र मान्न सकिने धारणा रहेको छ ।

त्यस्तो नयाँ रचनाको लेखनकार्य नै सिर्जनात्मक लेखन हो, जसले नयाँ अनुभूति र सौन्दर्य प्रस्तुत गर्ने काम गर्दछ । अर्थात् सिर्जनात्मक लेखन नितान्त नयाँ काम हो, जसद्वारा पारखीले नयाँ स्वादको आस्वादन गर्न सक्छन् ।

सिर्जनात्मक कार्य मानिसको अन्तः चेतनासँग सम्बन्धित छ । अर्थात् मानिसले भित्रैदेखि उत्प्रेरित भएर केही नयाँ चीज दिन हमेसा उद्यत रहन्छ । मस्तिष्क मन्थन गर्दै प्रतिभाको प्रयोग गरेर अथक साधनामा समाहित हुन सके उत्कृष्ट सिर्जनाको सम्भावना रहन्छ । मानिसका अनुभव, अनुभूति र विचारको प्रस्फुटनद्वारा कविता, गीत, गजल, कथा, नाटक आदि भएर सिर्जना अभिव्यक्तिन्छ ।

## १.२ सिर्जनात्मक लेखनको शीर्षक

प्रस्तुत ***'सजीव समय'*** कवितासङ्ग्रह यस सिर्जनात्मक लेखनको शीर्षक छानिएको छ । देशको सामाजिक, आर्थिक, राजनीतिक अवस्थादेखि वैयक्तिक जीवनका विविध भोगाइबिम्ब यस सङ्ग्रहमा परेका छन् । सजीव समयलाई बुझ्ने नै जिउँदो रहन्छ भन्ने भावसहित सङ्ग्रहको नामाकरण ***'सजीव समय'*** राखिएको हो ।

## १.३ सिर्जनात्मक लेखनको प्रयोजन

प्रस्तुत सिर्जनात्मक लेखन नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको शैक्षिक प्रयोजनका लागि तयार पारिएको हो ।

## १.४ सिर्जनात्मक लेखनको औचित्य, महत्त्व र उपयोगिता

लेखन कार्यलाई अघि बढाइरहेको सन्दर्भमा अझ परिस्कृत सिर्जना दिन सकेमा राम्रो हुने ठम्याइका कारण सिर्जनात्मक लेखाइ छनौट गरिएको हो । सिर्जनात्मक लेखनकै माध्यमद्वारा आफ्नो अन्तरनिहित क्षमता प्रकट हुन सक्नेछ भन्ने आत्मविश्वास यस सिर्जनात्मक लेखनको औचित्य हो । मेरो सिर्जना कार्यद्वारा थोरै भए पनि मानिसहरूलाई झस्काउन पाएँ भने यस कार्यको औचित्य रहनेछ । ग्रामीण बस्तीको संयोजनको रूपमा देश रहे पनि ग्रामीण भेग सदैव उपेक्षामा परिरहेको छ । सेवा, सुविधाबाट वञ्चित भइरहेका छन् । सहरमुखी प्रवृत्ति बढ्दो छ । गाउँलाई लात मार्ने प्रवृत्तिको विकास भइरहेको सन्दर्भ यस लेखनले थोरै भए पनि गाउँलाई बुझ्न सघाउनु हाम्रो देशको सामाजिक, राजनीतिक दुरावस्थाको  बोध गराउनु यस सिर्जनात्मक लेखनको औचित्य हो ।

परिवर्तनका संवाहकका रूपमा रहेका कविका सिर्जना जो फुटकर रूपमा रहे पनि सशक्त सावित भएका छन् । विभिन्न कालखण्डमा कोशेढुङ्गा सावित भइसकेका फुटकर रचनाको सामर्थ्यलाई ख्याल गर्दै मानव मुटु सुम्सुम्याउँदै रमरम अनुभूतिसँग चेतनाको चिराग बाल्नु यस सिर्जनात्मक लेखनको उद्देश्य रहेको छ । नवागन्तुक प्रतिभाको स्वागत गर्दै एवम् उत्प्रेरणा दिँदै नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको शैक्षिक आवश्यकताको परिपूर्ति गर्नु नै यस सिर्जनात्मक लेखनको उपयोगिता हो ।

## १.५ सिर्जनात्मक लेखनका निम्ति नाम दर्ता

प्रस्तुत ***'सजीव समय'*** नामक कवितासङ्ग्रह नेपाली विषयको स्नातकोत्तर तहको दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि तयार पारिएको हो । मैले वि.सं. २०६२ सालदेखि २०६४ सालसम्म यस क्याम्पसको नेपाली विभागमा स्नातकोत्तर तह पहिलो र दोस्रो वर्ष अध्ययन गरेको हुँ । यसकारण सोही तहको दोस्रो वर्षको पाठ्यक्रममा दसौं पत्रको प्रयोजनका लागि निर्धारण गरिएका विभिन्न ऐच्छिक विषयहरूमध्ये सिर्जनात्मक लेखनअन्तर्गत मैले कविता विधालाई छनौट गरी वि.सं. २०६६ सालमा त्यसको लागि मेरो नाम दर्ता भएको हो ।

## १.६ कविता लेखनको छनौट र पृष्ठभूमि

प्रारम्भिक तहको अध्ययनदेखि नै कवितासँग साक्षात्कार हुने मौका मिल्यो । मनको भित्री तहसम्म कविताले प्रभाव जमाएका कारण भाका हालेर कविता पढ्दा निकै आनन्द आउँथ्यो । निम्न माध्यमिक स्तरको पढाइका क्रममा पाठ्यपुस्तकमा भएका कविता, पत्रपत्रिकाको अध्ययन र रेडियो सुनेर धेरै सिर्जनाको आस्वादन गर्न पाएँ । यसले झनै सिर्जनाप्रति भोक जगायो । आफै पनि यस्तै सिर्जना गर्न सके ! भनेर भावुक बन्थें र यही समयमा जानी-नजानी झिनामसिना भावना लेखें पनि । माध्यमिक तहको पढाइका क्रममा यस क्रमले झनै मलजल पायो । नयाँ ठाउँ, बढ्दो उमेर अनि सिर्जनाको तिर्सनाले ब्याकुल बनाउँदै लग्यो । भावनाको प्रस्फुटनसँगै पत्रिकामा छापिने र रेडियोमा प्रसारण हुने क्रमले लेखाइले निरन्तरता पायो ।

उच्च शिक्षा हासिल गर्ने क्रममा सैद्धान्तिक ज्ञानसमेत प्राप्त भइसकेपछि झनै सिर्जना कर्ममा जुटिरहें । साहित्यिक विविध विधामा कलम चलाएँ । कविता, गीत, गजल, कथा, समीक्षा, नाटक आदि क्षेत्रमा लागियो । साहित्यिक पत्रिका सम्पादनमा समेत लागिपरेकाले अनुभव खारिँदै गएको अनुभव गरें । यसै क्रममा स्नातकोत्तर तहमा सिर्जनापत्र तयार गर्ने मौका जुऱ्यो । यसले अझ सिर्जनामा एक पाइला अघि बढाउला भन्ने आशा गरेको छु ।

⊙

# *दोस्रो परिच्छेद*
# २. कविताको सैद्धान्तिक परम्परा

## २.१ साहित्यको एक विधाको रूपमा कविता

कविता साहित्यको एक विधा हो। साहित्यको आलङ्कारिक रचना विशेषलाई कविताको रूपमा चिनिन्छ। साहित्य शब्द र अर्थको सहभाव हो। संस्कृत काव्यशास्त्रमा साहित्यलाई काव्य पनि भनिन्छ। जीवनजगत्का विविध अनुभूति र अनुभवको सुन्दर, कलात्मक र लालित्यपूर्ण अभिव्यक्ति नै साहित्य हो। हाल साहित्य भन्नाले गद्यपद्यात्मक कवितामयी कृतिलाई बुझाउँछ। प्राचीनकालमा साहित्य भन्नाले काव्य भन्ने बुझिन्थ्यो। लयात्मकताका आधारमा साहित्यलाई गद्य र पद्य गरी दुई भागमा बाँडिएको छ। गद्य साहित्यमा कथा, उपन्यास, निबन्ध आदि पर्दछन् भने पद्य साहित्यमा कवितामयी कृति जस्तो फुटकर कविता, खण्डकाव्य, महाकाव्य आदि पर्दछन्। आन्तरिक र वाह्य लयका आधारमा कविताको विधागत पहिचान रहेको छ।

## २.२ कविताको पृष्ठभूमि र विकास

साहित्यका अन्य विधाभन्दा कविता महत्त्वपूर्ण विधा हो। जीवनजगत्का विविध पाटाहरूलाई सुन्दरतम् अभिव्यक्तिका माध्यमले उजिल्याउने काम कविताले गरेकाले यसको ज्यादै महत्त्व रहेको छ। भाषामा लिपिको आविष्कार र विकाससँग कविताले पनि रूप परिवर्तन गर्दै आएको छ।

पूर्वीय संस्कृत वाङ्मयको प्राचीनतम् ग्रन्थ वेद विश्वकै पुरानो लेख्य कविताको रूपमा लिइन्छ। वैदिकमन्त्र तथा विभिन्न सूक्तिहरूमा काव्यिक गुणहरू सजिलै पाइने भएकाले वेदलाई कविताको प्रारूप मान्ने गरिन्छ। वैदिक साहित्यपछि लौकिक साहित्यको उद्भव र विकास भएको पाइन्छ। वाल्मीकिविरचित ***'रामायण'*** बाट लौकिक साहित्यको सुरुआत भएको हो। रामायणपछि वेदव्यासरचित ***'महाभारत'*** नै उत्कृष्ट काव्यात्मक कृति हो। संस्कृत वाङ्मयको विश्वकोशको रूपमा ***'महाभारत'*** लाई पाइन्छ। संस्कृत साहित्यकारका यी दुई ग्रन्थ साहित्यका उत्कृष्ट कृतिका रूपमा लिइन्छ। यी दुई ठूला महकाव्यले भिन्नाभिन्नै दुई युगको प्रतिनिधित्व गरेका छन्। ***बुद्धचरित्, कुमारसम्भव, रघुवंश***जस्ता कृतिहरू पूर्वीय काव्य परम्पराका उत्कृष्ट नमुना हुन्। पाणिनी, अश्वघोष र कालिदासजस्ता महाकविहरूले कविताको विकासक्रमलाई अघि बढाएका छन्।

पाश्चात्य साहित्यमा कविताको उद्भव र विकास गीतिगाथाबाट भएको मानिन्छ। महाकवि होमरका ***'इलियड'*** र ***'ओडिसी'*** महाकाव्य नै सर्वप्राचीन ग्रन्थ मानिन्छन्। होमरपछि भर्जिल, गेटे, सेली, कलरिज, वर्डवर्स्थ, इलिएटजस्ता प्रतिभाका प्रसिद्ध काव्यात्मक कृतिबाटै आधुनिक कविताको विकास भएको पाइन्छ।

थुप्रै आचार्य र विद्वान्‌हरूले कविताका सम्बन्धमा पूर्वपश्चिममा गहन चिन्तन र अध्ययन गरेको पाइन्छ। पूर्वमा भामहदेखि काव्यचिन्तन परम्पराको इतिहास फेला पार्न सकिन्छ भने पश्चिममा अरस्तुदेखि काव्यसिद्धान्तको चिन्तनमनन भएको पाइन्छ। यसै वेलादेखि विभिन्न वाद, सम्प्रदाय र प्रणालीको विकास भएको छ। कसैले कविताका स्वरूपका बारेमा ध्यान केन्द्रित गरेका छन् भने कसैले भावपक्षलाई कविताको मानक तत्त्व स्विकारेका छन्। एकथरी काव्यशास्त्रीहरूले सुकोमल पदावलीको आलङ्कारिक गुम्फनलाई काव्य मानेका छन् भने अर्काथरी काव्यशास्त्रीले भावनात्मक साङ्गीतिक अभिव्यक्तिलाई काव्य मानेका छन्। समग्रमा भन्नुपर्दा जीवनजगत्‌का विविध अनुभव, अनुभूतिको लयात्मक र काव्यात्मक भाषिक अभिप्राय नै काव्य हो। यतिले मात्रै कविताको पहिचानको निम्ति पर्याप्त नहुने हुँदा कवि र कविताका बारेमा अध्ययन गर्नु जरुरी हुन्छ।

## २.३ कविताको व्युत्पत्ति

विविध विषयवस्तु, प्रसङ्गलाई मौलिक ढङ्गले प्रस्तुत गर्ने व्यक्तिलाई कवि भन्दछन्। कव् - वर्णे धातुबाट कवि पदको सिद्धि भएको छ (शर्मा दाहाल, २०६५:७)। कवि पदको यसै मूल अर्थानुसार कविलाई मनिषि भनिएको हुन सक्छ। कोशमा पण्डितलाई कवि भनिएको छ (पूर्ववत्...)। वेदमा कविलाई मनिषि, परिभू, स्वयम्भू शब्दद्वारा सम्बोधन गरिएको पाइन्छ। श्रीमद्‌भागवत् महापुराणमा ब्रह्मालाई आदिकवि भनिएको छ। यसपछि लौकिक साहित्यमा रामायण महाकाव्य रचना गर्ने महर्षि वाल्मीकिलाई आदिकविको पद दिइएको छ। महाभारत तथा पुराणका रचयिता वेदव्यासलाई पनि कवि भन्दछन्। कविले सबैभन्दा पहिले तत्त्वहरूको दर्शन गर्दछन् अनि मात्र त्यसलाई हृदयङ्गम गर्दै कल्पनाद्धारा काव्यरचना गर्दछन्। चमत्कारपूर्ण भावाभिव्यक्ति गर्न सक्नेलाई नै कवि भन्न सकिन्छ। कवि सृष्टि सौन्दर्यको मर्मज्ञ हो। सृष्टिको सौन्दर्य हेर्ने माध्यमका रूपमा कविलाई लिइन्छ। कविताचाहिँ कविको काव्यात्मक भावाभिव्यक्ति हो। कविता संस्कृत तत्सम् शब्द हो। ***कवि*** शब्दमा ***ता*** प्रत्यय जोडेर कविता शब्दको निर्माण भएको छ। शाब्दिक अर्थमा कवितालाई कविको कर्म भन्ने बुझिन्छ। कवि शब्दले कविता रच्ने व्यक्तिलाई बुझाउँछ। श्रोताको हृदय स्पर्श गर्न सक्ने कुनै विषयवस्तुको वर्णन नै कविता हो। यसकारण हृदयस्पर्शी भावाभिव्यक्ति दिने र कुनै विषयवस्तुको मनोरम काल्पनिक वर्णन गर्ने व्यक्ति कवि हो। संस्कृत साहित्यमा काव्य शब्दले कवितालाई चिनाएको छ।

कविता साहित्यको पुरानो विधा हो। पूर्व र पश्चिम दुवैतिर प्राचीनकालदेखि नै कविता प्रचलनमा रहेको पाइन्छ। लम्बाइका आधारमा कवितालाई लघुतम, लघुत्तर, लघु, मध्यम र बृहत् भेदद्वारा छुट्याइन्छ। लघुत्तम् र मुक्तक रूपभन्दा ठूलो र मझौला रूपभन्दा सानो जीवनजगत्‌को खास एक मनोदशाको अनुभूतिलाई प्रस्तुत गर्ने कविताको रूप नै फुटकर कविता हो।

## २.४ कविताको परिचय र परिभाषा

कविता के हो भन्ने ज्यादै गाह्रो विषय हो । कविताको आत्म पक्षको र शरीर पक्षको वकालत गर्नेहरू छन् । आत्म पक्षको वकालत गर्नेहरूले कवितामा भावात्मकता, रागात्मकता र संगीतमयता हुनु पर्दछ भन्ने धारणा व्यक्त गर्दछन भने शरीर पक्षको वकालत गर्नेहरूले कोमलकान्त पदावलीको विन्यास, वक्रोक्तिपूर्ण आलङ्कारिक प्रस्तुतिलाई विशेष ध्यान दिएका छन् । वास्तवमा काव्य रूप-सौन्दर्यमात्रै वा आन्तरिक भावनामात्रै होइन । साँच्चै कविता त वाह्य आन्तरिक नापद्वारा निर्मित संरचना हो । पूर्व र पश्चिमका दुवै साहित्य परम्पराको काव्य सिद्धान्तलाई अध्ययन र विश्लेषण गरेपछि मात्र कविताको परिभाषाको निष्कर्षमा पुग्न सकिन्छ ।

### २.४.१ पूर्वीय परिभाषा

पूर्वीय संस्कृत साहित्यमा काव्य शब्दले कवितालाई चिनाएको पाइन्छ । श्रव्य र दृश्य गरी साहित्यलाई दुई भागमा बाँडिएको छ । श्रव्य काव्यमा कविता, कथा, निबन्ध, उपन्यास आदि विधा पर्दछन् । दृश्य काव्यअन्तर्गत नाटक र रूपकलाई लिइन्छ । प्राचीन कालमा साहित्य शब्दले काव्यलाई मात्र बुझाउँथ्यो तर आज काव्य शब्दले गद्यपद्यात्मक कवितामयी कृतिलाई बुझाउँछ । सर्वप्रथम पूर्वीय वाङ्मयमा कवितालाई चिनाउने काम अग्निपुराणबाटै भएको मानिन्छ । यद्यपि स्पष्ट रूपमा काव्यको परिभाषा दिने कामको सुरुआत भने छैठौं शताब्दीका भामहले नै गरेको देखिन्छ। पूर्वीय काव्य परम्परामा साहित्यलाई कला नभनेर विधा भनिएको पाइन्छ। विधा वाणीद्वारा उत्पत्ति भएकाले वाणीका दुई पक्ष शब्द र अर्थ छन् । यी दुई शब्द र अर्थमध्ये कसैले शब्द पक्षको वकालत गरेका छन् भने कसैले अर्थ पक्षको । तर आचार्य भामहले 'शब्द र अर्थको सहभाव नै काव्य हो' (थापा, २०६६:३४) भनी शब्द र अर्थ दुवैको सहअस्तित्व देखाउँदै समन्वयात्मक धारणा प्रस्तुत गरेका छन् । सातौं शताब्दीका दण्डीले अभीष्ठ अर्थले व्यवछिन्न पदावलीलाई काव्य स्विकारेका छन् । यिनका विचारमा इष्ट अर्थले युक्त पदावली हुन सकेन भने त्यो काव्य राम्रो हुन सक्दैन (उपाध्याय, २०५९: ७) । यस परिभाषाले खासगरी अलङ्कारको सीमालाई फराकिलो पार्दै रीतिवादी सम्भावनालाई सङ्केत गरेको पाइन्छ। यिनी पनि अलङ्कारवादी आचार्य हुन् । आठौं शताब्दीका वामनले आफ्नो 'काव्यालङ्कार-सुत्रवार्तिक मा रीतिलाई काव्यको आत्मा मान्दै गुण र अलङ्कारले परिष्कृत शब्द र अर्थ नै काव्य भनेका छन् (पूर्ववत्...)। नवौं शताब्दीका ध्वनिवादी आचार्य आनन्दवर्द्धनले "काव्यको आत्मा नै ध्वनि हो" ( शर्मा दाहाल, २०६५:९) भन्दै ध्वनिरूप आत्मामा रहेको सुन्दर शब्दार्थमय अभिव्यक्तिलाई काव्य मानेका छन् । एघारौं शताब्दीका आचार्य कुन्तक काव्यमा वक्रोक्तिपूर्ण अभिव्यक्ति हुनुपर्दछ भन्ने मान्यता राख्दछन् । यिनी पनि अलङकारवादी आचार्य हुन् । शब्दसौन्दर्य र अर्थसौन्दर्य नै काव्य हो भन्ने मान्यता अघि सारेका छन् । आचार्य मम्मट दोषरहित गुणसहित शब्दार्थ काव्य हो, यसमा कहीँ अलङ्कार हुन्छ, कहीँ अलङ्कार नभए पनि काव्यतत्त्वमा हानि पुग्दैन (पूर्ववत्....) भनी परिभाषित गरेका छन् । अलङ्कार वा रसको वैकल्पिक प्रयोग गुणसहितता र गुणरहितता जस्ता गुण काव्यमा हुनुपर्ने मान्यता यिनमा देखिन्छ ।

रसवादी आचार्य विश्वनाथले रसात्मक वाक्य नै काव्य हो भनेका छन्। यिनी काव्यमा रसको अनिवार्यता हुनुपर्दछ भन्ने पक्षमा वकालत गर्दछन्। आचार्य जगन्नाथले रमणीय अर्थको प्रतिपादन गर्ने शब्द नै काव्य हो भनेका छन्। यसरी पूर्वीय आचार्यहरूको यो परिभाषाहरूको अध्ययन गर्दा शब्दप्राधान्यवादी, अर्थप्राधान्यवादी, शब्दार्थ प्राधान्यवादी, रीतिप्राधान्यवादी र वक्रोक्तिवादीहरूको उद्‌भव र विकास भएको पाइन्छ। यस्ता विभिन्न वाद र सिद्धान्तहरूको उद्‌भव र विकासले गर्दा पूर्वीय काव्यचिन्तन परम्पराको इतिहास ज्यादै लामो देखिन्छ। आचार्यहरूले आ-आफ्नै ढङ्गले काव्यको परिभाषालाई व्यापक रूपमा व्याख्या गरेका छन्। यी विभिन्न सिद्धान्त र वादबाहेक काव्यका बारेमा शैली, व्यञ्जन, बद्धता आदिका आधारमा काव्यको वर्गीकरण गरेको पाइन्छ। शैलीका दृष्टिले गद्य, पद्य र चम्पूजस्ता तीन भेद देखिन्छन्। व्यञ्जनका दृष्टिले पनि तीनै प्रकारका छन्; उत्तम, मध्यम र अधम। मुक्तक, युग्मक, कलापक, विशेषक र कुलक आदिलाई मुक्तकाव्यअन्तर्गत राखिएको पाइन्छ। प्रबन्धात्मक काव्यलाई बृहत् काव्यका रूपमा चिनाइएको पाइन्छ। समग्रमा भन्नुपर्दा प्रायजसो आचार्यहरूको मतमा रमणीयार्थ प्रदान गर्ने शब्द, रसिक र रागात्मक भाषा, आह्लादजनक पदावलीको विन्यास र दोषरहितता जस्ता गुण वैशिष्ट्य भएका कवितात्मक कृतिलाई काव्य भनिएको छ।

पूर्वीय विद्वान् काव्यशास्त्रीहरूका मतहरूको समीक्षा, मूल्याङ्कन गर्दा भामहबाट अलङ्कारवादको उदय भई शास्त्र र काव्यमा भिन्नता पाइएको पुष्टि अलङ्कारबाटै भएको पाइन्छ। त्यसपछि वक्रोक्ति, ध्वनि, रसवादी भएर क्रमशः कुन्तक, आनन्दवर्धन, विश्वनाथ आदि देखापरेका छन्। भामहपछिका दण्डी र वामनले पनि भामहकै अनुसरण गरेको पाइन्छ। यसै सिलसिलामा वस्तुपरक सौन्दर्यभन्दा भावपरक सौन्दर्य नै सर्वश्रेष्ठ एवम् रस र ध्वनिवाद बढी महिमाशाली बनेका छन्। आचार्यहरूले काव्यको लक्षण बेग्लाबेग्लै गरेपनि काव्यको रूपमा रसलाई सबैले मानेको पाइन्छ।

### २.४.२ पाश्चात्य परिभाषाः

पश्चिममा पनि कविताको मौलिक परम्परा पुरानो रहेको छ। ग्रिसेली साहित्यको ऐतिहासिक रूपरेखाबाट भन्न सकिन्छ कि पश्चिममा कविता परम्पराले निकै उतारचढाव व्यहोर्दै आजको अवस्थामा आइपुगेको छ भनेर। होमरका '***इलियड***' र '***ओडिसी***' पाश्चात्य साहित्यका प्राचीनतम् महाकाव्यात्मक ग्रन्थहरू हुन्। पूर्वीय साहित्यमा कविको आन्तरिक प्रतिभालाई प्रमुख काव्यहेतु मानिएझैँ होमर पनि दिव्यप्रेरणालाई प्रमुख काव्यहेतु मान्दछन्। अतः हेसियड कविता दैवी वरदान र प्रतिभा स्फुरण हो भन्ने धारणा व्यक्त गर्दछन् (शर्मा दाहाल, २०६५:१०)। उनले काव्यमा आनन्द र नैतिक ज्ञानको आवश्यकता औँल्याएका छन्। युरिपाइडिज कवितालाई आह्लाद र आनन्दको सिर्जना ठान्दछन् भने अरिष्टोफेनस कलात्मक कुशलता र नैतिक निर्देश कलाको मापदण्ड ठान्दछन्। प्लेटोको धारणाअनुसार साहित्य सत्यका पक्षमा हुनुपर्दछ। उनले कवितालाई शैक्षिक र नैतिक ज्ञानको कसीमा घोटेर हेरेको पाइन्छ भने अरिष्टोटलले काव्यलाई प्रकृतिको कलात्मक अनुकरण मानेका छन्। कार्लाइल संगीतपूर्ण विचारलाई काव्य मान्दछन्। स्वच्छन्दतावादी कवि वर्डस्वर्थ भावको स्वच्छन्द उच्छलनलाई कविता मान्दछन् (पूर्ववत्...)।

पाश्चात्य विभिन्न विद्वान्हरूले कवितालाई आ-आफ्नै ढङ्गले परिभाषित गरेका छन् । एड्गर एलेन पोले लयपूर्ण ढङ्गले सौन्दर्यसृष्टि गर्नु नै काव्य हो भनेका छन् (पूर्ववत्...)। त्यस्तै किट्सले कवितामा रहस्य र रागात्मकता हुनुपर्नेमा जोड दिएका छन् । कल्पना र संवेगद्वारा गरिएको जीवनको व्याख्यालाई हड्सन काव्य मान्दछन् । कलरिजले शब्दविन्यास र संगीतमा जोड दिएका छन् । यसरी विभिन्न विद्वान्हरूका मतलाई हेर्दा कला, कल्पना, भाव संगीत आदि पक्षमा जोड दिइएको पाइन्छ । परिभाषाहरू एकअर्काका पूरकका रूपमा रहेका छन् । काव्यचिन्तनका सिलसिलामा विभिन्न वाद, प्रणाली र सिद्धान्तहरूमा अनुकरण सिद्धान्त, विरेचन सिद्धान्त, कलावाद आदिको उपज हुँदै निर्वैयक्तिकताको सिद्धान्त, मूल्यसिद्धान्त, सम्प्रेषण सिद्धान्तजस्ता पाश्चात्य साहित्यमा देखा परेका विविध सिद्धान्तहरूले काव्य परिभाषाको बृहत् व्याख्या गरेको पाइन्छ ।

### २.४.३ नेपाली विद्वान्हरूको परिभाषाः

नेपाली विद्वान् काव्यशास्त्रीहरूले पनि आ-आफ्नै ढङ्गबाट कविताको परिभाषा दिएका छन् । पूर्व र पश्चिमको आधारभूमिमा टेकेर नेपाली विद्वान्हरूले कविताको परिभाषा गरेका छन् । बालकृष्ण सम कविता भावनाको बौद्धिक कोमलता हो भन्दछन् । कवि केदारमान व्यथित तीव्रगामी घोडामाथि अनुभूतिको काठी कसी विचारको लगाम पक्रेर भावुकता चढेको कविता हो भन्दछन् (उपाध्याय,२०५९:१४)। कवि माधवप्रसाद घिमिरेले शब्द र संगीत, अर्थ र अभिप्राय एकाकार भएर जो अनौठो अनुभूति हुन्छ, त्यसलाई नै कविता भनेका छन् । त्यसैगरी नेपाली बृहत् शब्दकोशमा कविद्वारा आफ्ना संवेद्य अनुभूति वा स्फूर्त भावनालाई छन्द वा लयमा उनेर गरिएको पद्यात्मक वा गद्यात्मक साहित्यिक कृति वा रचनालाई काव्य भनिएको छ (नेपाली बृहत् शब्दकोश, २०६०:२०३)। यसै क्रममा कवि तथा समालोचक डा. वासुदेव त्रिपाठीले मानव मनका अनुभूतिहरूको लयात्मक र कलात्मक भाषिक कथन नै कविता हो भनेका छन् (शर्मा दाहाल,२०६५:११)। उनले हार्दिकता, लयात्मकता र कलात्मकतालाई विशेष जोड दिएका छन् ।

कवितालाई विभिन्न ढङ्गबाट परिभाषित गर्न खोजिएकोले भन्न सकिन्छ -विद्वान्हरूको यसमा मतैक्यता छैन । कविता उन्मुक्त कल्पना, भावात्मक गाम्भीर्य तथा सौन्दर्यको उपस्थितिले उत्कृष्ट विधा हो । वास्तवमा कविता जीवन र जगत्का विभिन्न पक्षहरूको विशेष हेराइ हो, जहाँ मुटु छामिएको हुन्छ ।

## २.५ कविता सिर्जनाका कारक तत्त्वः

कविता त्यत्तिकै सिर्जना हुन सक्दैन । यसका निम्ति निश्चित भावभूमि कारणको विशेष भूमिका रहन्छ । काव्योत्पत्तिको मूल हेतु हुन्छ नै । कविता सिर्जना गर्ने प्रेरक र कारक तत्त्वलाई नै कविताको हेतु वा कारण भनिन्छ । कविता उत्पत्तिका मुख्य कारणहरू प्रतिभा, व्युत्पत्ति र अभ्यास हो । काव्योत्पत्तिका सम्बन्धमा पूर्वीय साहित्यको सैद्धान्तिक परम्परादेखि पाश्चात्य साहित्यको सैद्धान्तिक परम्परासम्मका विभिन्न काव्यशास्त्रीहरूको धारणा अध्ययन गर्नु उपयुक्त हुन्छ ।

## २.५.१ कारक तत्त्वका सम्बन्धमा पूर्वीय दृष्टिकोणः

पूर्वीय संस्कृत वाङ्मयका काव्यशास्त्रीहरूले काव्योत्पत्तिको कारक तत्त्वको बारेमा धेरै चिन्तन गरेको पाइन्छ। यसैअनुसार सर्वप्रथम आचार्य भामहद्वारा नै औपचारिक चिन्तनमनन भएको जानकारी मिल्छ। काव्योत्पत्तिको सम्बन्धमा केही मतमतान्तर पनि छन् यद्यपि सबै काव्यशास्त्रीहरूको निष्कर्ष भने मिलेको छ। सबैको मतअनुसार काव्योत्पत्तिको मूल कारण नै प्रतिभाशक्ति हो। यस तथ्यलाई वामन, रुद्रट, जगन्नाथ आदिले मानेका छन्। दण्डी, वामन, जयदेव आदिले प्रतिभा, व्युत्पत्ति र अभ्यास तीनैवटालाई काव्योत्पत्तिको मूल कारण मानेका छन्।

**प्रतिभाः**

प्रतिभा आन्तरिक ऊर्जा हो। काव्यको क्षेत्रबाट हेर्नुपर्दा मौलिक र नवीन सिर्जना गर्न सक्ने शक्ति प्रतिभा हो। यस किसिमको शक्तिबिना काव्य सिर्जना सम्भव हुन्न। व्यक्तिअनुसार प्रतिभाशक्ति फरक हुन्छ। प्रतिभाशक्ति जन्मदेखि नै प्राप्त हुने चीज हो। प्रतिभाशक्ति भावयित्री र कारयित्री गरी दुई प्रकारका हुन्छन्। कसैकसैले सहज प्रतिभा र उत्पाद्य प्रतिभा गरी दुई प्रकारका प्रतिभाशक्ति हुन्छन् भनेका छन् । तुलनात्मक रूपमा सहज प्रतिभा महत्त्वपूर्ण मानिन्छ। प्रतिभालाई मम्मटले काव्योत्पत्तिको प्रमुख शक्तिको रूपमा लिएका छन्। आचार्य जगन्नाथले काव्योत्पत्तिको मूलकारण प्रतिभा मानेका छन्। उनले भनेका छन् - "यो कसैलाई महापुरुषादिको कृपाद्वारा प्राप्त हुन्छ भने कसैलाई विलक्षण शास्त्रज्ञान निरन्तर गरिरहने अभ्यासद्वारा हुन्छ "(शर्मा दाहाल,२०६५:१३)। जे होस् प्रतिभाशक्ति काव्योत्पत्तिको अत्यन्त महत्त्वपूर्ण पहिलो र प्रमुख कारण हो।

**व्युत्पत्तिः**

पूर्वीय काव्यशास्त्रीहरूले काव्योत्पत्तिको दोस्रो कारणको रूपमा व्युत्पत्तिलाई लिएका छन्। धेरै शास्त्रहरूको अध्ययन र लोकव्यवहारबाट प्राप्त गरिने ज्ञान नै व्युत्पत्ति हो। दण्डी, मम्मट, वाग्भट आदि विद्वान्हरूले यस तथ्यलाई मानेका छन्। व्युत्पत्तिलाई कतिपय विद्वान्हरूले शास्त्रज्ञान, लोकव्यवहार र शास्त्रमा निपुणता भन्ने उल्लेख गरेका छन्। मम्मटले शास्त्रज्ञान, लोकव्यवहार र काव्यको अध्ययनबाट प्राप्त निपुणता तथा काव्यज्ञको सहचार्यबाट उत्पन्न शिक्षा आदिलाई नै समष्टिमा काव्य हो भनेका छन्। दोषरहित शास्त्रज्ञान नै दण्डीले व्युत्पत्ति भनेका छन्। रुद्रटले संक्षेपमा छन्द, व्याकरण, कला, लोकस्थिति र पद-पदार्थको विशेष ज्ञानबाट योग्यताको ज्ञान हुनु नै व्युत्पत्ति भनेका छन्। हेमचन्द्र मानवीय उचित अनुचित विवेक नै व्युत्पत्ति हो भन्दछन्। ज्ञानबिना प्रतिभाबाट मात्रै असल काव्य सिर्जना हुन सक्दैन। यसकारण लोक व्यावहारिक ज्ञान तथा विभिन्न शास्त्रहरूको ज्ञान आर्जन गरी व्युत्पत्ति बढाउनुपर्ने कुरामा सबैजसो विद्वान्हरूको मतैक्य पाइन्छ। प्रतिभालाई तिखार्ने काम व्युत्पत्तिले गर्दछ।

**अभ्यासः**

काव्योत्पत्तिको तेस्रो कारणको रूपमा अभ्यासलाई लिइएको छ। अविच्छिन्न साधना र बारम्बारको आवृत्तिबाट हुने काव्यात्मक प्रवृत्ति अभ्यास हो। प्रतिभा र व्युत्पत्तिलाई परिष्कृत र परिमार्जित गराउने काम अभ्यासबाटै सम्भव हुन्छ। त्यसैले काव्योत्पत्तिमा अभ्यासको महत्त्व हुन्छ। प्रतिभाशक्ति र सर्वज्ञयको विषयको व्युत्पत्ति साथमा लिएर असल र सज्जन कविको अनुरोधमा रही दिनरात काव्यरचनामा लागिरहनुनै अभ्यास हो भन्ने धारणा रुद्रटको छ (शर्मा दाहाल,२०६५:१४)। राजशेखरले निरन्तर रूपले गरिएको अभ्यास वा बारम्बार गरिएको काव्यरचना नै अभ्यास हो भनेका छन्। यिनले अभ्याससँगसँगै समाधिको पनि उल्लेख गरेका छन्। मनको एकाग्रता नै समाधि हो भन्ने आशय राजशेखरको देखिन्छ (पूर्ववत...)। बिनाअभ्यास समाधि पनि सम्भव छैन। वास्तवमा प्रतिभाबिना काव्य सम्भव छैन। प्रतिभा बढाउन व्यावहारिक र शास्त्रहरूको ज्ञान हासिल गरी निरन्तर साधनाको आवश्यकता पर्दछ।

## २.५.२ कारक तत्त्वका सम्बन्धमा पाश्चात्य दृष्टिकोणः

पाश्चात्य विद्वान्‌हरूले पनि काव्योत्पत्तिको कारक तत्त्वका बारेमा चर्चा गरेका छन्। अरस्तुभन्दा पहिले अलौकिक दैवीशक्तिको प्रेरणालाई नै काव्योत्पत्तिको कारण मानिन्थ्यो। होरेसले आविष्कार (प्रतिभा), विवेक, शास्त्रज्ञान र चिन्तन (समाधि) लाई काव्योत्पत्तिको कारण मानेका छन्। प्रतिभा, अध्ययन र अभ्यासलाई काव्योत्पत्तिको प्रमुख हेतु मान्ने विद्वान् लोन्जाइनस् हुन्। कला प्रकृतिको अनुकरण भएकाले काव्योत्पत्तिका लागि प्रतिभा आवश्यक पर्ने मत अरस्तुले राखेका छन्। सिग्मण्ड फ्रायडका अनुसार मान्छेमा अवचेतन मनमा दमित भावना, कामना र चाहनाको इच्छापूर्तिको आग्रह नै काव्योत्पत्तिको कारण हो ( उपाध्याय,२०५९:१७)। एड्लर र युङले मानव जीवनको अवचेतन मनको कार्यव्यापारलाई काव्योत्पत्तिको हेतु मानेका छन्। यसरी पाश्चात्य काव्य परम्परामा काव्योत्पत्तिका अनेक कारणहरूको चर्चा गरिएको छ। पश्चिमी मतअनुसार काव्योत्पत्तिका लागि प्रतिभालाई प्रमुख कारक तत्वका रूपमा लिइएको छ भने गौण कारकमा अध्ययन (व्युत्पत्ति) र अभ्यासलाई समावेश गरिएको पाइन्छ। पूर्व र पश्चिम दुवैतिरको मत हेर्दा कविता लेखनको प्रमुख कारक तत्त्वहरूमा प्रतिभा, व्युत्पत्ति र अभ्यास देखिन्छ।

## २.५.३ कारक तत्त्वका सम्बन्धमा नेपाली दृष्टिकोणः

काव्योत्पत्तिका बारेमा नेपाली काव्यशास्त्रीहरूले पनि मत प्रस्तुत गरेका छन्। यसको त्यति लामो इतिहास भने छैन। महाकवि लक्ष्मीप्रसाद देवकोटाले कलाको उत्पत्ति मनुष्यको अनन्त चेतको प्रतिभाबाट हुन्छ भन्ने धारणा प्रस्तुत गरेका छन् (उपाध्याय,२०५९:२२)। बालकृष्ण समले काव्योत्पत्तिको प्रमुख कारक तत्त्व प्रतिभा भएको आशय व्यक्त गरेका छन्। समालोचक रामकृष्ण शर्माले प्रतिभा र अनुकरणात्मक अभ्यासलाई काव्योत्पत्तिको हेतु मानेका छन्। यसरी हेर्दाखेरी नेपाली काव्यशास्त्रीहरूले पनि प्रतिभालाई काव्योत्पत्तिको कारक ठहऱ्याएका छन्। गौण तत्त्वका रूपमा कल्पना, अभ्यास आदिलाई स्विकारेको पाइन्छ।

पूर्वीय, पाश्चात्य तथा नेपाली काव्यशास्त्रीहरूको काव्योत्पत्तिसम्बन्धी आ-आफ्नै धारणा रहेका छन् । उनीहरूको मतलाई समग्र रूपमा हेर्दा काव्योत्पत्तिका लागि प्रतिभा नै प्रमुख कारक तत्त्व हो । प्रतिभालाई परिष्कृत बनाउन विभिन्न शास्त्रहरूको अध्ययन, व्यावहारिक ज्ञान र निरन्तर अभ्यासको जरुरत देखिन्छ । व्यक्तिमा अन्तर्निहित प्रतिभा जीवनजगत्का विभिन्न घटनाले प्रभावित भई काव्योत्पत्ति हुने गर्दछ । प्रतिभा खारिन अध्ययन र निरन्तर अभ्यासको आवश्यकता पर्दछ ।

## २.६ कविताको प्रयोजनः

उद्देश्यबिना कुनै काम हुँदैन । अतः कविताको पनि निश्चित प्रयोजन वा उद्देश्य छ र नै कविता लेखिन्छ । कवितामा त्यस्तो हार्दिकता हुन्छ कि यसले मानव मनलाई पगाल्दछ वा कुनै तरङ्ग पैदा गरिदिन्छ । कवितामा हुने रागात्मकता, कलात्मकता र आलङ्कारिताले मानव जीवनलाई सार्थक र सबल बनाउन सदैव उत्प्रेरित गरिरहेको हुन्छ । काव्य प्रयोजनका बारेमा पूर्वीय, पाश्चात्य तथा नेपाली परम्परामा रहेका मतलाई हेरौँ ।

### २.६.१ पूर्वीय साहित्यमा कविता प्रयोजनः

पूर्वमा भरतमुनिदेखि नै काव्य चिन्तन परम्परा रहेकाले यसको इतिहास लामो छ । उनले काव्य प्रयोजनका रूपमा चतुर्वर्गफलप्राप्ति, आयु, कीर्ति र कल्याण प्राप्ति तथा बुद्धिविकास र लोकउपदेश प्रदान गर्ने जस्ता कुरा प्रस्तुत गरेका छन् । भामहले काव्यबाट धर्म, अर्थ, काम, मोक्ष प्राप्ति, कलामा निपुणता, कीर्ति, प्रीति(आनन्द) प्राप्त हुन्छ भनी काव्यप्रयोजनका बारेमा समीक्षा गरेका छन्(उपाध्याय,२०५९:२४)। आचार्य कुन्तकले चार पुरुषार्थका साथै चित्तलाई आनन्द प्रदान गर्ने उद्देश्य कवितामा हुनुपर्दछ भन्ने आशय प्रकट गरेका छन् । त्यसैगरी मम्मटले यश, धन, व्यवहारज्ञान, अमङ्गल नाश, आनन्दप्राप्ति र प्रेयसीको मधुर वाणीझैँ उपदेश लाभ नै कविता प्रयोजन हो भनेका छन् । आनन्दबर्धनले रसको निष्पत्ति र चतुर्वर्गफलप्राप्तिलाई कविता प्रयोजन मानेका छन् (शर्मा दाहाल,२०६५:१७)। यी विभिन्न मतहरूमध्ये मम्मटको काव्यप्रयोजनलाई महत्त्वपूर्ण मान्न सकिन्छ । उनको विचार यसकारण पनि महत्त्वपूर्ण छ कि, काव्यबाट कविलाई यश र धन प्राप्ति हुन्छ अनि अमङ्गल नाश हुन्छ भने भावक, पाठकलाई पनि व्यावहारिक ज्ञान र परमानन्दको अनुभव र प्रेयसी वचन, माधुरी उपलब्ध हुन्छ भन्ने उनको मत रहेको छ ।

### २.६.२ पाश्चात्य साहित्यमा कविता प्रयोजनः

पूर्वझैँ पश्चिममा पनि काव्यप्रयोजनका बारेमा निकै चिन्तनमनन भएको पाइन्छ । अरस्तुले आनन्द र शिक्षालाई कविताको प्रयोजन मानेका छन् भने होमरले आनन्दप्राप्तिलाई नै एकमात्र काव्यप्रयोजनको तत्त्व मानेका छन् । त्यसैगरी कविताको खास प्रयोजन आनन्द प्रदान गर्नु रहेको मत हड्सनको छ (उपाध्याय,२०५९:२८)। कलरिजका विचारमा आनन्दको सम्प्रेषण गर्नु नै कविताको प्रयोजन हो । रस्किनले नैतिक शिक्षालाई काव्यप्रयोजन मान्दै कुनै राष्ट्रको कला

उसको नैतिक चरित्रको द्योतक हुन्छ भनेका छन् । यसरी यी मतहरू हेर्दा आनन्दवादी प्रयोजन र उपदेशवादी प्रयोजन देखिन आएपनि कतिपय विद्वान्ले समन्वयवादी विचार व्यक्त गरेका छन् । समग्रमा भन्नुपर्दा नैतिक उपदेशमूलक शिक्षा, आनन्दप्रदान, आत्मसन्तुष्टि आदि काव्यप्रयोजनको रूपमा लिइएको छ ।

### २.६.३ नेपाली साहित्यमा कविता प्रयोजनः

नेपाली विद्वान्हरूले पनि काव्यप्रयोजनसम्बन्धी धारणा प्रस्तुत गरेका छन् । महाकवि देवकोटाले आनन्द, सौन्दर्यवोध र हृदयशिक्षणलाई काव्यप्रयोजन मानेका छन् (पूर्ववत्, २६)। बालकृष्ण समले समाज सुधार गर्नु र हृदयलाई कोमल बनाउनु कविताको उद्देश्य मानेका छन् । मोहन कोइरालाले मानवकल्याणका निम्ति कविता मानेका छन् (पूर्ववत्...)। यसरी हेर्दा नेपाली काव्यशास्त्रीहरूको मत हेर्दा काव्यप्रयोजन आनन्द प्रदान, सौन्दर्यवोध, समाजकल्याण आदि रहेको पाइन्छ ।

पूर्वका, पश्चिमका तथा नेपाली विद्वान्हरूका काव्य प्रयोजनसम्बन्धी मत हेर्दा कविताको आफ्नै महत्ता छ। कविता मानव जीवनसँग प्रत्यक्षतः गाँसिएको छ। हार्दिक आनन्द, कल्याण तथा शिक्षाका लागि कविताले काम गरिरहेको हुन्छ । जसले कविता सिर्जना गर्छ उसले पनि यश, कीर्ति तथा ऐश्वर्य प्राप्त गर्दछ भने कविताका भावक पाठकले आनन्द प्राप्तिका साथ शिक्षाप्राप्ति काव्यिक प्रयोजन हो भन्नु उपयुक्त होला ।

**निष्कर्ष**

साहित्यको एक महत्त्वपूर्ण विधाको रूपमा रहेको कविता विधाको आफ्नै पृष्ठभूमि र विकासका कथा रहेका छन् । पूर्व, पश्चिम तथा नेपाली विद्वानहरूले कवितालाई आ-आफ्नै ढङ्गबाट अर्थ्याउने प्रयास गरेका छन् । जे होस् मानव मनबाट उत्पन्न हुने हृदयस्पर्शी भावसंवेगको रूपमा रहने कविता विभिन्न प्रयोजनमा प्रयुक्त भएका छन् । स्वान्तः सुखायका लागि या मानव जातिको हितको लागि काव्य रचिएका छन् । प्राकृतिक उपहारका रूपमा कविको जन्म भएको पाइन्छ भने निरन्तर साधना प्रयासबाट तथा उत्कृष्ट साहित्य, काव्य पढेर पनि कवि भएको पाउन सक्छौं । जे होस् कवि तथा कविता मानवीय जीवनसँग अत्यन्त निकट सम्बन्ध राख्ने चीज हो । कुनै न कुनै रूपमा कविताले जनमानसमा प्रभाव पारिरहेको हुन्छ ।

# तेस्रो परिच्छेद

# ३. कविताको विधागत स्वरूप, आयाम र तत्त्वः

## ३.१ कविताको विधागत स्वरूपः

कविताको स्वरूपलाई हेर्दा सानादेखि कथानक ठूला काव्यसम्म पाइन्छ। संस्कृत काव्य परम्परामा कविताका मुक्तकदेखि महाकाव्यसम्मका भदोपभेद पाइन्छन्। स्वतन्त्र रूपले कुनै एक सीमित भाव बुझाउन समर्थ स्वयंमा पूर्ण एकश्लोकी पद्यात्मक रचना मुक्तक मानिएको छ। यसपछिको द्विश्लोकी कविता सन्दानितक, त्रिश्लोकी कविता विशेषक, चतुःश्लोकी कविता कलापक, पञ्चश्लोकी कविता कुलक मानिएको छ। कुलकपछिको पद्यात्मक रचना कोशकाव्य मानिएको छ र यसमा परस्पर निरपेक्ष वा असम्बद्ध तर एउटै किसिमका विषयवस्तु वा भावमा केन्द्रित अनिश्चित वा स्वेच्छिक सङ्ख्याका श्लोकहरूको सङ्ग्रह रहने व्यवस्था स्वीकार गरिएको छ। प्रबन्ध काव्यअन्तर्गत संस्कृतका काव्यशास्त्रहरूमा लघु र वृहत् भेद चर्चित छन्। पश्चिममा अङ्ग्रेजी साहित्यमा कविताका तात्पर्यमा ***'पोयम'*** शब्द र काव्यका तात्पर्यमा ***'पोयट्री'*** शब्द प्रचलित छन्। कविता वा काव्यका विविध भेद चर्चित छन्। जस्तै : **सम्बोधनगीत, शोकगीत, पद्यात्मक पत्र, व्यङ्ग्यगीत र वर्णनात्मक काव्य।** वर्णनात्मक काव्यअन्तर्गत गाथा वा ब्यालेड, कथात्मक, काव्य, यथार्थवादी कविता र काव्य तथा महाकाव्यको चर्चा गरिएको छ।

नेपाली कविता आफ्नो लोककवित्वको परम्पराका साथै संस्कृत काव्यपरम्परा र हिन्दी, उर्दू, फारसी, अङ्ग्रेजी एवम् जापानी काव्य परम्परालाई समेत आत्मसाथ गर्दै विकसित हुँदै आएको पाइन्छ। आफ्नै लोकभूमिको देउडा, भैलो, देउसी, भजन, मागल, चाँचरी, सवाई, सङ्गिनी, सोरठी, चुट्काजस्ता अभिव्यक्तिका विविध संवेग कवितात्मक प्रकारहरूद्वारा स्थापित परम्पराकै कारणबाट नेपाली लेख्य कवितामा भजन, सवाई, कवित्त, बाह्रमासाजस्ता अनेक प्रकार विकसित भएका हुन भन्ने स्पष्ट हुन्छ। विभिन्न स्रोतबाट विकसित हुँदै आएका नेपाली कविताका विधाका स्वरूप निम्नलिखित देखिन्छन्:

**मुक्तक, हाइकु, गीत, फुटकर कविता, लामो कविता, खण्डकाव्य, कोशकाव्य, गीतिकाव्य, महाकाव्य।**

एक हरफे कविता पनि आउन थालेका छन्। यद्यपि दुई हरफे मुक्तकदेखि छ-सात पंक्तिसम्मका रचना लघुत्तम् कविताअन्तर्गत पर्दछन्। मुक्तक, हाइकु, गीत, सूक्ति यसका उदाहरण हुन्। लघुतम कविताभन्दा केही विकसित रूप लिएका कविता लघु कविता हुन्। यस्ता कवितामा सात, आठ पंक्तिदेखि सयभन्दा बढी पंक्तिहरू रहेका हुन्छन्। नेपाली कविताका स्वरूपका विषयमा **'आजका नेपाली कविता'**मा भनिएको छ विभिन्न कविका पद्यात्मक तथा गद्यात्मक फुटकर कविताको छानबिन गर्दा ३०-३५ शब्ददेखि १७५ शब्दसम्ममा लेखिएका कवितालाई छोटा आकारका कविता भन्नुपर्ने देखिन्छ भने १७६ शब्ददेखि लिएर ४५० शब्दसम्ममा लेखिएकालाई मझौला आकारका कविता मान्नुपर्ने देखिन्छ अनि ४५० भन्दा बढी शब्ददेखि लिएर १०००

शब्दसम्ममा लेखिएका कवितालाई लामा कविता भन्नुपर्ने देखिन्छ । (आजका नेपाली कविता, २०५०: झ)

नेपाली काव्यपरम्परामा गीतिकाव्य, शोककाव्य, गाथाकाव्य, आदि पनि कविताको माध्यमका रूपमा रहेका छन् । यस्ता काव्यमा जीवनको एक अंशको कथन गर्ने आख्यान, थोरै पात्र, मझौला आयाम आदि पर्दछन् । निश्चित कथानक, पात्र, रस आदि व्यवस्था भएका कविताका स्वरूप क्रमशः उत्तरोत्तर विस्तार भएका खण्डकाव्य र महाकाव्यजस्ता कविताको स्वरूप ग्रहण गर्दछन् । जीवनको कुनै निश्चित कालखण्डको महत्त्वपूर्ण घटनालाई लिएर खण्डकाव्य लेख्न सकिन्छ । जस्तोः देवकोटाको ***मुनामदन,*** माधवप्रसाद घिमिरेको ***राजेश्वरी*** आदि । त्यसैगरी पूरा समाज, जाति सभ्यता तथा जीवनको साङ्गपाङ्गो पाटो समावेश गरिएर गरिने वृहत् रचना महाकाव्य हो । जस्तो भानुभक्तको ***रामायण,*** देवकोटाको ***शाकुन्तल*** आदि ।

## ३.२ कविताको आयामः

कविताको आयाम भन्नाले यसले ओगट्ने क्षेत्र, समय, बुझ्नुपर्ने हुन्छ । कविताका क्षेत्रमा आयाम कविताको वाचन तथा भावग्रहणको समयावधिलाई बुझ्नु उचित हुन्छ । जस्तो झापातिर चलेको एक हरफे कविता एक झट्कामा नै वाचन गर्न सकिन्छ । सोही अनुसार श्रवण गर्ने समय पनि थोरै लाग्ने भयो । मुक्तक र एउटा लामो कविताले लिने समय फरक हुन्छ । त्यसैगरी खण्डकाव्यभन्दा महाकाव्य श्रवणको समय बढी हुन्छ । अतः मुक्तक, फुटकर कविता, खण्डकाव्य, महाकाव्य, आदिका फरक-फरक आयाम हुने गर्दछ ।

## ३.३ कविताको विधागत वर्गीकरणः

कविता साहित्यको एक महत्त्वपूर्ण विधा हो । प्राचीनकालमा कवितालाई पद्य भनिन्थ्यो । अहिलेको समयमा पद्यले छन्दोबद्ध कवितालाई मात्र चिनाउँछ । खासगरी श्रव्य र दृश्य गरी साहित्यका दुई भेद छन् । श्रव्य भेदअन्तर्गत हाल गद्यलाई भिन्नै शाखाको रूपमा चिनाउने गरिन्छ । जीवनजगत्का सम्पूर्ण अनुभव र अनुभूतिलाई भाषाशैलीका दृष्टिले गद्य होस् वा पद्य जुनसुकै शैलीमा लेखिए तापनि लयबद्ध रूपमा प्रस्तुत गरिन्छ भने त्यसैलाई कविता भनिन्छ । नाटक, कथा, उपन्यास, निबन्धभन्दा कविता रागात्मक हार्दिक अभिव्यक्तिका कारण पृथक छ । शैली, कथनपद्दतिका आधारमा कवितालाई मुख्यतः तीन भागमा विभाजन गरेर हेर्न सकिन्छ ।

### ३.३.१ भाषाशैलीका आधारमा कविताः

भाषाशैलीका आधारमा कविता गद्य र पद्य गरी दुई प्रकारका हुन्छन् । गद्य र पद्यलाई मुक्त र बद्ध भनेर पनि चिनिन्छ । गद्य कविता स्वतन्त्र र मौलिक शैलीका रूपमा विकसित गर्न सकिन्छ भने पद्य कविताको शास्त्रीय अनुशासन हुने गर्छ । शास्त्रीय छन्दको अध्ययनपश्चात मात्र पद्य कविता लेख्न सकिन्छ । गद्य र पद्य कविताका सैद्धान्तिक स्वरूपलाई हेरौँ ।

#### ३.३.१.१ गद्य कविताः

स्वतन्त्र र मौलिक शैलीमा लेखिने कविता गद्य कविता हो । यसमा गति, यति, मात्रा, लय आदिको निश्चित व्यवस्था हुँदैन । यो स्वतन्त्र हुने हुनाले मुक्त छन्द पनि भन्ने गरिन्छ । यस प्रकारको कवितामा भावको गहनता, शब्दविन्यासमा वैचित्र्य, उदात्त हार्दिकता, अनियमित लयजस्ता वैशिष्ट्यहरू पाइन्छ । ब्राह्मण ग्रन्थहरूमा पनि प्रशस्तै गद्यहरू पाइन्छन् । महाभारत र पुराणहरूमा पनि ठाउँ-ठाउँमा छन्द नभएका गद्यरूप पाइन्छन् । यसबाट के थाहा हुन्छ भने गद्य कविता लेखन प्राचीनकालदेखि नै चलेको हो । गद्य कविता स्वतन्त्र गाह्य लयमा बिम्बाहित आयोजना गरी लेख्न सकिन्छ । यस प्रकारको कविताशैली पाश्चात्य कविता परम्परामा पनि त्यत्तिकै मौलाएको छ । गद्य कविता स्वतन्त्र भएर उन्मुक्त वातावरणमा भाव र भावना पोख्न पाइने माध्यम हो । यति भएर पनि ग्राह्य लय, शैली समात्न नसकेमा कविता बन्न सक्दैन ।

संस्कृत गद्य कविताका चार भेद पाइन्छ । छन्दको आभास नभएको वा स्वतन्त्र रूपमा लेखिएको र समास पनि नभएको कवितालाई मुक्तक भनिन्छ । यो गद्यशैलीमा पनि लेखिन्छ । वृत्त वा छन्दको कहीँकतै आभास हुने गद्य कवितालाई **वृत्तगन्धी** भनिन्छ । लामोलामो समास भएको गद्य कवितालाई **उत्कलिका** भनिन्छ । स-साना समस्त शब्द प्रयोग गरी लेखिने कवितालाई **चूर्णक** भनिन्छ ।

#### ३.३.१.२ पद्य कविताः

छन्दमा आबद्ध भएर लेखिएको कवितालाई पद्य कविता भनिन्छ । चारओटा पद वा पाउ भएको श्लोकलाई पद्य कविता मानेको पाइन्छ । पद भनेको चरण हो । सामान्यतया चार चरण भएको चतुस्पदी कवितालाई पद्य कविता भनिन्छ । शास्त्रीय परम्पराका अनुशासन, मान्यता तथा बिम्ब, अलङ्कार, गुणजस्ता वैशिष्ट्यहरू पद्य कवितामा पाइन्छन् । पद्य कविताका वृत्त र जाति गरी दुई भेद छन्ः

**वृत्त**

अक्षरहरूको गणना गरेर पदहरूको निर्धारण गरिने पदलाई वृत्त भनिन्छ । वृत्तका तीन प्रकार छन्ः **सम, अर्धसम र विषम** ।

जुन पद्यमा चारओटै चरण एकै प्रकारका हुन्छन् । त्यसलाई **समवृत्त** भनिन्छ । जस्तोः शिखरिणी, मन्दाक्रान्ता, शार्दूलविक्रीडित आदि ।

जुन छन्दमा चार पाउमध्ये पहिलो र तेस्रो पाउमा एकखाले र दोस्रो र चौथो पाउमा अर्कोखाले अक्षरव्यवस्था हुन्छ, त्यसलाई '**अर्धसमवृत्त**' भनिन्छ । जस्तै: 'पुष्पिताग्रा' । यसको पहिलो र तेस्रो पाउमा न, न, र, य गण वा १२ अक्षर हुन्छन् भने दोस्रो र चौथो पाउमा न, ज, ज, र गण तथा अन्त्यमा एक गुरु गरी १३ अक्षर हुन्छन् ।

जुन छन्दका चारै पाउमा भिन्नभिन्न अक्षर वा गणव्यवस्था रहेको हुन्छ, त्यसलाई **विषमवृत्त** भनिन्छ । यस्ताखाले छन्दका कुनै पनि पाउमा अक्षरगत एकरूपता पाइँदैन । जस्तै: उद्गता । यस छन्दको पहिलो पाउमा स, ज, स, लघु, दोस्रो पाउमा न, स, ज, गुरु, तेस्रो पाउमा भ, न, ज, लघु, गुरु र चौथो पाउमा स, ज, स, ज गुरु हुन्छन् ।

**जाति**

मात्राको गणनाद्वारा पदको स्वरूप निर्धारण गरिने पद्यलाई जाति भनिन्छ । यसमा वर्णहरूको वास्ता हुँदैन तर मात्राको अनुशासन रहेको हुन्छ । लघु अक्षरलाई एक मात्रा र गुरु अक्षरलाई दुई मात्रा मानी जाति छन्दमा कविता लेखिन्छ । यी छन्दहरू पनि सम, अर्धसम र विषम गरी तीन प्रकारका हुन्छन् । चार पाउ सबैमा एउटै मात्रा हुनेलाई सम, दुईमा एकखाले मात्रा र दुईमा अर्काखाले मात्रा हुनेलाई अर्धसम र चारैओटा पाउमा भिन्नाभिन्नै मात्रा हुनेलाई विषम भनिन्छ । पञ्झटिका, चौबोला, आर्या आदि जाति छन्दका उदाहरण हुन् ।

### ३.३.२ कथनपद्धतिका आधारमा कविता:

भनाइको तरिका नै कथनपद्धति हो । रागात्मक अभिव्यक्ति भएकाले कविताको कथनशैलीको अध्ययन गर्नु आवश्यक छ । कथनपद्धति तीन प्रकारको हुन्छ । ती निम्न छन्:

क) लेखकीय कथनपद्धति

ख) आख्यानीकृत कथनपद्धति

ग) नाटकीकृत कथनपद्धति

#### ३.३.२.१ लेखकीय कथनपद्धति:

कविले सम्पूर्ण जीवनजगत्सम्बन्धी कुरालाई लेखकीय कथनपद्धतिमा सीधै भन्दछन् । कविताका लघुत्तम रूपदेखि महाकाव्यसम्मका सबै रूपहरूमा लेखकीय लेखनपद्धतिले उल्लेखनीय र विशेष भूमिका निर्बाह गरेको हुन्छ । यस पद्धतिमा प्रथम पुरुषशैली वा तृतीय पुरुषशैली अपनाइने भएकाले नै यसलाई आत्मलापी कथनशैली पनि भनिन्छ ।

#### ३.३.२.२ आख्यानीकृत कथनपद्धति:

आख्यानीकृत कथनपद्धतिमा कुनै पनि कथावस्तुमा पात्रको उपस्थिति गराई कलात्मक शैलीमा आफ्ना अभिव्यक्ति प्रस्तुत गरिन्छ । यसको प्रयोग खासगरी प्रबन्धात्मक काव्यमा भएको पाइन्छ । मुख्यत: यो पद्धति कथा र उपन्यासमा अपनाइने भएपनि जीवनजगत्का कुरालाई

आख्यानीकृत कथनपद्धतिमा लयात्मक र रागात्मक ढङ्गले प्रस्तुत गरिने हुनाले कविता काव्यमा बढी प्रभावकारी देखिन्छ ।

### ३.३.२.३ नाटकीकृत कथनपद्धतिः

नाटकीय पाराले अभिव्यक्ति प्रदान गरिने कथनपद्धतिलाई नाटकीकृत कथनपद्धति भनिन्छ । यो पद्धति खासमा नाटकमा प्रयोग गरिए तापनि सम्पूर्ण जीवनको सम्पूर्णताको पनि कथन गर्ने क्रममा कविताले महाकाव्यात्मक आयाम प्राप्त गर्दछन् । त्यसबेला आख्यानीकृत कथनपद्धतिका साथै नाटकीकृत कथनपद्धतिलाई समेत अवलम्बन गरिन्छ । लघु आयामका कवितादेखि नै यो पद्धति लागू हुन सक्छ ।

उल्लिखित तीनवटै कथनपद्धति कवितामा प्रयोग भए पनि लेखकीय कथनपद्धतिद्वारा गरिएको रागात्मक र हार्दिक अभिव्यक्ति नै कविता हो । अहिलेको अवस्थामा छन्दोबद्ध कविता र गद्य कविता दुवैलाई समेट्ने गरी कविताको लयात्मक स्वरूपको निर्धारणसमेत हुने गरेको देखिन्छ ।

### ३.३.३ संगठनका आधारमा कविताः

कविता लघुत्तम्, लघुत्तर र लघु कवितादेखि  र वृहत्तम् कवितासम्मका प्रबन्धात्मक वा अप्रबन्धात्मक रूपका हुन सक्छन् । कविताको सबैभन्दा सानो रूप मुक्तक हो भने सबैभन्दा ठूलो रूप महाकाव्य हो । प्रबन्धताका आधारमा कवितालाई मुक्त र बद्ध गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ । मुक्त वा अप्रबन्धात्मक कवितामा लघु कविताहरू पर्छन भने बद्ध र प्रबन्धात्मक कवितामा खण्डकाव्य र महाकाव्य पर्दछन् । प्रबन्धाताका आधारमा कवितालाई यसरी चिनाउन सकिन्छ ।

### ३.३.३.१ मुक्त/अप्रबन्धात्मक कविताः

प्रबन्धात्मक स्वरूप ग्रहण नगरेका स्वतन्त्र काव्यात्मक रचनालाई मुक्त (अप्रबन्धात्मक) कविता भनिन्छ । यसमा लघुतम्, लघुतर, लघु कविताहरू पर्दछन् । यस्ता कविताका निश्चित दायरा हुन्छ । यो आख्यानात्मक प्रकृतिको कविता हो । श्लोक सङ्ख्या र वर्णित विषयवस्तुका आधारमा अप्रबन्धात्मक कवितालाई विभिन्न भेद उपभेदमा वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ । फुटकर कविताका विभिन्न भेदहरू नै मुक्त कविताका स्वरूप हुन् । मुक्त कविताका तीन भेद हेरौँः

#### लघुतम कविता

दुई पंक्तिदेखि सात पंक्तिसम्म रचिएका अनुभूतिको मसिनो पाटोलाई लघु कविता भनिन्छ । मुक्तक, गीत, गजल यसका उदाहरण हुन् । यस्ता कवितामा जीवनका एक क्षणको मिहिन र सटिक अभिव्यक्ति हुन्छ । न्यूनतम् सन्तुष्टिका लागि यस्ता लघु आयामका कविताले कम्तीमा दुई फन्का मारेकै हुनुपर्दछ । यसमा क्षणिक अनुभूतिको रागात्मकताको झल्को स्पष्ट रूपले आएको हुन्छ ।

**लघुतर कविता**

सात/आठ पंक्तिदेखि बीस पंक्तिसम्मका अनुभूतिको प्रवाहलाई केही फराकिलो रूपमा अभिव्यक्ति गर्ने रचनालाई लघुत्तर कविता भनिन्छ। भावसघनता, संरचनात्मक सूक्ष्मता, बोधगम्यताजस्ता वैशिष्ट्य लघुतर कवितामा पाइन सकिन्छ। सूक्ष्म आख्यानसमेत समावेश गरिने यस्ता कविता कालिक हिसाबले तीन/चार मिनेटमा वाचन गर्न सकिने हुन्छ।

**लघुकविता**

कविताको लघु एकाइ नै फुटकर कविता हो। मुक्तकभन्दा विस्तारित कविताको रूप फुटकर कविता हो। यो बीस/बाइस हरफदेखि सयौं हरफसम्मका हुन्छन्। कथानक पात्र, देशकाल, प्रयोजनमध्ये कुनै एक पक्षको प्रधानता यस्ता कवितामा हुन्छ। यस्ता कवितामा वस्तुताभन्दा भावकै सबलता रहेको हुन्छ। संरचनाका हिसाबले लघुकविता अत्यन्त लचिलो भई ठूलो क्षेत्र ओगट्न सक्ने कविता हो। आजभोलिका प्रचलित फुटकर कविता नै लघुकविता हुन्।

**३.३.३.२ बद्ध/प्रबन्धात्मक कविता:**

बद्ध वा प्रबन्धात्मक काव्य भन्नाले कुनैपनि विषयवस्तुको क्रमबद्ध वर्णन गरी काव्यात्मक कृतिको स्वरूप ग्रहण गर्ने काव्यलाई बुझिन्छ। कुनै पनि आख्यानमा बाँधिएको कविता नै बद्ध कविता हो। प्रबन्ध काव्य हुनका लागि कथानक र पात्र हुनुपर्दछ। स-साना कवितादेखि क्रमश: उत्तरोत्तर भाव ग्रहण गर्दै कथानक, पात्र, परिवेश, प्रयोजन आदिको विशेष भूमिका रही कविताको मझौला रूपदेखि महाकाव्यात्मक स्वरूप ग्रहण गर्ने कवितात्मक कृतिलाई प्रबन्धात्मक कविता भनिन्छ। यस्ता कवितामा विस्तारित आयामका साथमा अनेकौं वृत्तान्त, प्रकृतिचित्रण, जीवनदर्शन आदि समाविष्ट हुन्छन्। यस्ता बद्धात्मक कवितामा पर्यायबद्धदेखि वृहत् महाकाव्यसम्मका प्रबन्धात्मक कृतिहरू पर्दछन्। कविताको आयाम विस्तार गर्दै जाँदा कृतिगत स्वरूप ग्रहण गर्छ।

**खण्डकाव्य:**

कविताको मझौला रूपअन्तर्गत खण्डकाव्य पर्दछ। खण्ड र काव्य दुई शब्दका बीच समास भई खण्डकाव्य शब्द बनेको छ। खण्डकाव्यको शाब्दिक अर्थ कुनै काव्यको एक अंश भन्ने हुन्छ। तर खण्डकाव्य जीवनजगत्को एउटा खण्डलाई प्रस्तुत गरिएको कविताको मझौला रूप हो। खण्डकाव्यमा कुनै एक घटना, विषयको वर्णन गरिएको हुन्छ। खण्डकाव्य जीवनको एक पक्षको चित्रण गरिएको मझौला रूपको काव्य हो। महाकाव्य र फुटकर कविताबीचको रचना नै खण्डकाव्य हो। यसमा चार पुरुषार्थमध्ये कुनै एक र नौं रसमध्ये कुनै एक रसको प्रयोग हुनु आवश्यक मानिन्छ। संरचना, आख्यान, आकारप्रकार विषयवस्तुका दृष्टिले खण्डकाव्यलाई फुटकर कविताभन्दा पृथक तुल्याउँछ। खण्डकाव्यमा आख्यान र अनुभूतिको सन्तुलित अभिव्यक्ति हुन्छ। खण्डकाव्यमा निश्चित प्रबन्ध विधान हुन्छ। यसमा भिन्न-भिन्न सर्ग हुनसक्छ र सर्गविहीन पनि

हुनसक्छ । वास्तवमा कुनै एक विषयवस्तुको अभिव्यक्ति प्रदान गर्ने प्रबन्धात्मक लघुकाव्य नै खण्डकाव्य हो । खण्डकाव्यभित्र गीतिकाव्य, शोककाव्यजस्ता भेद पाउन सकिन्छ ।

**महाकाव्यः**

महाकाव्य सर्गबद्ध रूपमा लेखिएको ठूलो काव्य हो । जीवनजगत्का सम्पूर्ण विषयलाई समावेश गरी चार पुरुषार्थ प्राप्ति र नौँ रसको प्रयोग तथा सर्गबद्धसमेत रहेको प्रबन्धात्मक काव्यलाई महाकाव्य भनिन्छ । महाकाव्य कविताको वृहत् रूप हो । यसमा आख्यान रहेको हुन्छ । महाकाव्यमा कुनै एउटा रस प्रमुख भएको, विभिन्न छन्दमा बाँधिएको, अनेकौँ सर्गमा विभाजित काव्य हो । यसमा नायक, नायिकादेखि खलनायकसम्म अपेक्षित हुन्छ । यसमा लेखकीय कथन, आख्यानीकृत कथन र नाटकीकृत कथन ढाँचालाई समेत स्विकार्दै जीवनजगत्का बारेमा वर्णन गरिन्छ । विभिन्न विद्वान्हरूले महाकाव्यका दायरा बताएका छन् र आचार्य विश्वनाथले महाकाव्यमा मझौला खालका कम्तीमा आठ सर्ग रहनुपर्ने प्रावधान गरेका छन् ।

## ३.४ कविताका प्रमुख तत्त्वहरूः

कविता बन्नका लागि निश्चित तत्त्वहरूको आवश्यकता पर्दछ । आधारभूत कथ्यसामग्री, भाषिक संरचना कौशल, भावनात्मक तथा कलात्मकजस्ता तत्त्व कवितामा अपेक्षित हुन्छन् । कवितालाई मुख्यतः हार्दिकता, संरचनागत शैली र लय आदिले सिंगारेको हुन्छ । त्यसैले कवितालाई सिंगार्ने भाव, भाषा, रूप, लय, बिम्ब, अलङ्कार नै कविताका प्रमुख तत्त्व हुन् । वस्तुतः कल्पना, भाव र बुद्धिलाई कविताका आन्तरिक तत्त्व एवम् रीति, गुण, औचित्य र अलङ्कारलाई बाह्य तत्त्व मानिन्छ । भाव र कलालाई कविताको केन्द्री तत्त्व र कल्पना, बुद्धि र शैलीलाई परिधीय तत्त्व मानिन्छ । कवितामा रूप तत्त्व र वस्तु तत्त्व गरी दुई प्रकारका तत्त्व हुन्छन् । शीर्षकदेखि अक्षर, पद, पदावली, वाक्य, अनुच्छेद, श्लोक परिच्छेद र सर्ग आदि सबै रूप तत्त्वअन्तर्गत पर्दछन् भने रूपबाट जे कुरा अभिव्यक्ति हुन्छ त्यो वस्तु हो । वस्तु तत्त्व वास्तवमै जीवनजगत्सँग सम्बन्धित हुन्छ । कविता बन्नका लागि रूप र वस्तु तत्त्वको विशिष्ट भाषिक संगठन प्रक्रिया अत्यन्त आवश्यक हुन्छ । कविताको आधारभूत तत्त्व रूप, वस्तु र रूपवस्तुको संगठन नै हुन् । कविताका तत्त्वहरूको निम्नानुसार चर्चा गरिन्छ ।

### ३.४.१ संरचनाः

संरचना कविताको बनोट र बुनोट प्रक्रिया हो । बनोट कविताको बाह्य संरचनासँग सम्बन्धित छ, बुनोटचाहिँ आन्तरिक संरचनासँग । यसरी कविताको बाह्य र आन्तरिक गरी दुई प्रकारको संरचना हुन्छ । बाह्य संरचनाले कविताको हरफ, अनुच्छेद, परिच्छेद, सर्ग, अध्याय आदिलाई बुझाउँछ भने आन्तरिक संरचनाले केन्द्रीय काव्य भावविधान, छन्दभित्रको अन्तर्लयलाई बुझाउँछ । बाह्य संरचनाबाट व्यक्त हुने भावसँग आन्तरिक संरचना जोडिएको हुन्छ । कविताको आन्तरिक संरचना वृत्तात्मक, चक्रात्मक, स्वतन्त्रीय, खण्डीय आदि हुन सक्छन् । संरचनाविना

रचना निर्माण हुन नसक्ने भएकाले कविताका लागि संरचना अनिवार्य तत्त्व हो । संरचना कविको निजी विशेषता भएकाले यो कविपिच्छे फरक-फरक हुन्छ ।

### ३.४.२ विषयवस्तुः

कविता रचनाका लागि गरिने घटना, प्रसङ्ग वा वस्तुलाई नै विषयवस्तु भनिन्छ। जीवनजगत्का यावत् विषयमा कविता लेखन सकिने हुँदा कवितामा विषयगत विविधता हुन्छ। कविलाई जीवन भोगाइमा जुन चीजले छुन्छ, जुन प्रसङ्गले अभिप्रेरित् गर्छ सोही कविताको विषयवस्तु बन्न सक्छ। यसैमा कविले आफ्नो जीवनदर्शन समेटेको हुन्छ। विषयवस्तु औचित्यपूर्ण, ग्राह्य, रोचक र अपेक्षित हुनुपर्दछ ।

### ३.४.३ रस-भाव विधानः

कविताको शब्दावलीमा अन्तर्निहित शक्तिलाई भाव भनिन्छ। यो केन्द्रीय कथ्य पनि हो। केन्द्रीय कथ्यसँग सम्बन्धित सामग्रीको प्रशोधन गरी साधारणीकरण गरेर जुन एक प्रकारको प्रभावपूर्ण कौशल झल्किन्छ, त्यो नै वास्तवमा कविताको भाव हो। भाव काव्यको आत्मा हो। भावविना कविताको कल्पना गर्न सकिन्न। कविताको मेरुदण्ड हो भाव। मानवीय जविनजगत्का सम्पूर्ण अनुभवलाई रागात्मक भावमा परिणत गरेर संवेद्य, मार्मिक र कलापूर्ण तुल्याउनु नै भावसंयोजन हो। शब्द र अर्थले कवितामा चमत्कारी भावको सिर्जना गर्न सक्नुपर्दछ। यस्तो भाव वक्रात्मक, व्यञ्जनात्मक र ध्वन्यात्मक बन्न सक्नु नै यसको वैशिष्ट्य हो। पूर्वीय साहित्यमा वस्तु, नेता र रस (भाव) काव्यका अङ्ग मानिन्छन्। वस्तुमा भाव निहित हुने हुनाले पनि कवितामा भाव अनिवार्य हुनुपर्दछ। पूर्वीय साहित्यमा वर्णित रस नै आधुनिक साहित्यमा भाव हो भन्ने बुझिन्छ। मानवीय जीवनमा हुने संवेगात्मक अवस्था, हर्ष, विस्मात, उत्साह, क्रोध, भय आदि नै भाव हुन्। कविताको संरचना, कथनपद्धति, भाषाशैली र अन्य रूपात्मक तत्त्वका माध्यमद्वारा कवितामा भाव पैदा हुन्छ। मूर्त र अमूर्त गरी भाव दुई प्रकारका हुन्छन्। अमूर्त भाव अन्तर्मनमा सुषुप्त अवस्थामा हुन्छ। त्यसमा उद्दीपन तत्त्वको घर्षण भएपछि त्यो गतिशील बन्न पुग्छ र पछि विभिन्न बिम्ब, अलङ्कार आदिका माध्यमबाट मूर्त हुन पुग्दछ। समग्रमा भन्नुपर्दा भाव कविताको प्राणतत्त्व हो।

### ३.४.४ लयविधानः

अन्य विधाभन्दा कवितालाई पृथक बनाउने तत्त्व नै लय हो। लय कवितामा निहित सुमधुर सांगीतिक अलङ्कार हो। लय शब्द ली धातुमा अच् प्रत्यय लागेर बन्दछ। लयको सामान्य अर्थ एकाग्रता वा तल्लीनता हो। लयले कवितालाई श्रुतिमधुर बनाउँछ। आन्तरिक र बाह्य गरी लय दुई प्रकारको हुन्छ। विभिन्न पदावलीहरूको अनुप्रासमय पुनरावृत्तिद्वारा उत्पन्न हुने अलङ्कारलाई आन्तरिक लय भनिन्छ भने छन्दका लघु गुरु मात्रा, गणविधान आदिलाई बाह्य लयका रूपमा लिन सकिन्छ। बाह्यभन्दा आन्तरिक लय सबल भएको कविता नै बढी जीवन्त र

प्रभावकारी हुन्छ। कविताको बाह्यतत्त्व छन्दले लयलाई नियमबद्ध बनाउँछ। छन्दविना पनि कविता रचना हुनसक्छ तर लयविना कविता रचना हुन सक्दैन। पद्य रचनामा छन्दले गति, यति र मात्राको क्रम मिलाई लय सिर्जना गर्दछ। संगीतशास्त्रमा लयलाई द्रूत, मध्य र बिलम्बित गरी तीन भागमा वर्गीकरण गरिएको पाइन्छ। पद्य कवितामा पाउ, श्लोक, छन्दका माध्यमबाट लय सिर्जना हुन्छ भने गद्य कवितामा वर्ण र शब्दको अनुप्रासिक पुनरावृत्तिबाट लय सिर्जना हुन्छ। कविता वाचन र श्रवणको विधा भएकाले लय अपेक्षित हुन्छ।

### ३.४.५ सौन्दर्य विधानः

बिम्बले आलङ्कारिक चमत्कृतिद्वारा कवितामा सौन्दर्य प्रदान गर्दछ। बिम्ब भनेको शब्दका प्रतिच्छायाका रूपमा अर्थको प्रतीति गराउने तत्त्व हो। बिम्बलाई प्रतिबिम्ब, प्रतिमा वा प्रतीक पनि भनिन्छ। बिम्बको प्रयोग कुनै वस्तुप्रति लाक्षणिक अर्थ प्रदान गर्न गरिन्छ। प्रतीक पनि कविताको आवश्यक तत्त्व हो। प्रतीकमय भाषाले मानवीय संवेदना र संवेगलाई व्यञ्जनाका रूपमा प्रस्तुत गर्दछ। साधारणतया कवितामा प्रतीकको प्रयोग गर्दा व्याङ्ग्यात्मक प्रस्तुति भई काव्यमा अझै सशक्तता थप्ने भएकाले यसको प्रयोगलाई कवितामा आवश्यक मानिन्छ। कविताको सौन्दर्य बढाउने तत्त्व अलङ्कार पनि हो। अलङ्कारलाई कविताको बाह्य गहनाको रूपमा लिइन्छ। कवितामा शब्दालङ्कार र अर्थालङ्कारको प्रयोग हुन्छ। शब्दको विशेष प्रयोगद्वारा उत्पन्न हुने सौन्दर्यको भावलाई शब्दालङ्कार र शब्दको अर्थमा आधारित भई चमत्कृति पैदा हुने अलङ्कारलाई अर्थालङ्कार भनिन्छ। शब्दालङ्कारमा यमक, अनुप्रासादि पर्दछन् र अर्थालङ्कारमा उपमा, उत्प्रेक्षा, रूपक आदि पर्दछन्।

### ३.४.६ भाषाशैलीः

भावाभिव्यक्तिका लागि कवितामा भाषाशैलीको आवश्यकता पर्दछ। भाषाले नै कवितामा भाव वृहत् गर्दछ। भाषा अभिव्यक्तिको माध्यम हो भने शैली प्रस्तुतिको तरिका हो। कविता स्तरीय र विशिष्ट भाषामा लेखिन्छ। अभिव्यक्तिको प्रकार नै भाषाशैली हो। भाषाशैलीले कवितालाई लयात्मक, रागात्मक र गेयात्मक बनाउँछ। शैलीमा भाव, लयलाई संयोजन गर्ने कुराहरू पर्दछन्। वर्ण, पद, पदावली, लालित्य र कविताको मूल प्रस्तुति कुन रूपमा गर्ने भन्ने कुरा यस शैलीभित्र पर्दछ। कविताको भाषा अभिधेयार्थभन्दा बढी लक्ष्यार्थ वा व्यङ्ग्यार्थ हुन्छ। कविताको शैलीमा व्यक्तिपिच्छे भिन्नता पाइन्छ।

### ३.४.७ कथनपद्धतिः

खासगरी कविता आत्मालाप वा मनोलाप गर्ने भाषिक लयात्मक र कथनकला हो। अतः कवि आफै कुनै कवितात्मक कथन गर्दछ भने त्यो कविप्रौढोक्ति हो। यहाँ कथयिता वा आत्मलापी कविले आफ्नै वस्तुपरकता वा आत्मपरक कथ्य आफै गुन्गुनाउँदा पनि अप्रत्यक्षतः कसैप्रति सम्बोधन गरी भन्दछ र यो कथन तृतीय पुरुष वा प्रथम पुरुषमा र कहिलेकाहिँ द्वितीय पुरुषमा

पनि कथित हुनसक्छ । आख्यानीकृत कथनमा दृश्य, चित्र,संवाद, मनोवाद आदि संयोजन गरिएको कथन नाटकीकृत कथन हो । कविताको वर्ण्य विषय आत्मपरक भए प्रथम पुरुष र वस्तुपरक भए तृतीय पुरुष दृष्टिविन्दु हुन्छ ।

### ३.४.८ व्यञ्जनाशक्ति/ध्वनिः

कवितामा अभिधाभन्दा लक्षणा र लक्षणाभन्दा पछिको तेस्रो अप्रस्तुत वक्रोक्तिमय भाव झल्काउने शब्दशक्तिलाई व्यञ्जना भनिन्छ , आ-आफ्नो अर्थलाई बुझाएर अभिधा र लक्षणा शक्तिले विश्राम लिइसकेपछि जुन शक्तिले अनौठो अर्थलाई बुझाउँछ, त्यो नै ध्वनि हो । वक्ता, श्रोता वा पाठकका मौलिक कल्पना अथवा क्षमताअनुसार व्यञ्जनाशक्तिद्वारा विभिन्न अर्थ बुझाउन सकिन्छ । शब्दको वाच्यार्थ र लक्ष्यार्थभन्दा पर पुगेर व्यङ्ग्यार्थ भई ध्वनिमय बन्दै अप्रस्तुत अर्थको प्रकाश व्यञ्जना शक्तिले गर्ने हुनाले व्यञ्जना भनेको ध्वनि हो । व्यञ्जना शाब्दिक र आर्थिक दुबै दृष्टिमा विशिष्ट हुन्छ । यस्तो विशिष्ट अर्थलाई व्यङ्ग्यार्थवोध भनिन्छ र व्यङ्ग्यार्थले प्रतीकार्थभन्दा माथिल्लो अर्थ प्रदान गर्छ । यसकारण कवितामा उत्कृष्ट शब्दका निम्ति व्यञ्जना अपरिहार्य मानिन्छ । थोरै शब्दको प्रयोग गरी धेरै कुराको अभिव्यक्ति दिनका लागि व्यञ्जना आवश्यक हुन्छ । अतः शब्दगत मितव्ययिता हुनु व्यञ्जनाको वैशिष्ट्य हो ।

### ३.४.९ शीर्षकः

शीर्षक कविताको सारभूत भावविचारको सूचक संकेत वा उद्घाटनसमेत हो । कविता कथ्यको औचित्यपूर्ण नामाकरण नै शीर्षक हो, जसमा विषयवस्तुको उचित प्रतिनिधित्व हुने गर्छ । कविताको शीर्षक र केन्द्रीय कथ्यबीच सीधा र सांकेतिक सम्बन्ध हुनुपर्दछ । शीर्षक अभिधात्मक र प्रतीकात्मक दुवै हुनसक्दछ । शीर्षक सरल, सहज र स्पष्ट भइकन कौतुहल जागृत गर्ने खालको हुनुपर्दछ ।

### निष्कर्ष

कविताको निश्चित स्वरूप, आयाम र तत्त्व हुन्छन् । साना आकारका मुक्तकदेखि महाकाव्यसम्म कविताका रूप रहेका छन् । कविता गद्य, पद्य हुन्छन् । पद्यभित्र पनि विभिन्न छन्दका कविता रचिन्छन् । कथनपद्धतिका आधारमा पनि कविता फरक-फरक छन् । कविताका निश्चित तत्त्वहरू छन् । जस्तो : विषयवस्तु, भाव, संरचना, प्रस्तुति आदि यसका तत्त्वहरू हुन् । जे होस् कविताको निश्चित स्वरूप, आयाम तथा तत्त्व रहेका छन् ।

⊙

# *चौथो परिच्छेद*

# ४. नेपाली कविताको परम्परा

नेपाली कविताको विकास यात्रालाई दुई भागमा बाँडेर अध्ययन गर्न सकिन्छ। विक्रमीय उन्नाइसौँ शताब्दीमा नेपाली कविताको लेख्य परम्परा थालिनुभन्दा अघिको विक्रमीय एघारौँदेखि अठारौँ शताब्दीसम्मको समयावधि नेपाली कविताका विकास यात्रामा पृष्ठभूमि कालका रूपमा देखा पर्दछ। यो पृष्ठभूमिकाल लेख्य नेपाली कविताको पूर्वाधार हो। जसलाई लोकधारा वा मौखिकधारा पनि भन्न सकिन्छ। एघारौँदेखि अठारौँ शताब्दीसम्मको आठ शताब्दीमध्ये विक्रमीय एघारौँदेखि तेह्रौँ शताब्दीका अवधिका लोक कवितात्मक सामग्री अहिलेसम्म उपलब्ध हुन नआए पनि चौधौँ शताब्दीयताका कतिपय लोकसामग्री केही मात्रामा उपलब्ध भएका छन्।

यसरी विक्रमीय एघारौँदेखि उन्नाइसौँ शताब्दीपूर्वको समयावधिलाई पृष्ठभूमिकालका रूपमा र त्यसपछिको समयावधिलाई शिष्ट वा लेख्य धाराको संज्ञा दिन सकिन्छ। शिष्ट वा लेख्य नेपाली कविताको वि.सं. १८२६ देखि हालसम्मको लगभग २४० वर्षको यात्रालाई प्राथमिक, माध्यमिक र आधुनिक तीन खण्डमा काल विभाजन गर्न सकिन्छ।

## ४.१ प्राथमिककाल (वि.सं. १८२६-१९४०)

वि.सं. १८२६ देखि वि.सं. १९४० सम्मको समयावधि नेपाली कविताको प्राथमिक काल मानिएको छ। प्राथमिक काललाई लेखोट कालका रूपमा लिइन्छ। यस कालका कविताका मुख्य प्रेरक परिवेशका रूपमा पृथ्वीनारायण शाहका नेतृत्वमा गोरखाबाट थालिएको नेपाल राष्ट्रको निर्माणक्रमबाट निर्मित भएको छ। पृथ्वीनारायण शाहको विषयमा ***सुवानन्ददास***ले वि.सं. १८२६ मा कविताको सिर्जना गरेपछि सुरु भएको प्राथमिक काल मोतीराम भट्टको उदयसम्म विस्तार भएको देखिन्छ। नेपाली कविताको प्राथमिक काल कविताहरूले बहन गरेका भावधाराका आधारमा दुई भागमा विभाजित देखिन्छन्। वि.सं. १८७२ पूर्व वीरधाराका रूपमा चिनिन्छ भने वि.सं. १८७२ मा सुगौलीसन्धि भएपछि मुख्यतः भक्तिधाराको रूपमा चिनिन्छ। यसकारण प्राथमिक काललाई पूर्व प्राथमिककाल र उत्तरप्राथमिक काल गरी दुई भागमा विभाजन गरी अध्ययन गर्न सकिन्छ।

### ४.१.१.पूर्वप्राथमिक काल (वि.सं. १८२६-१८७२)

पृथ्वीनारायण शाहको नेपाल एकीकरण अभियानसँगै तत्कालीन राजनीतिक परिवेश अनुकूल वीर भावनाबाट अभिप्रेरित भएर कविता सिर्जना गर्ने परम्परा बस्यो। कवि सुवानन्ददासले ***'पृथ्वीनारायण शाह'*** शीर्षकीय कविता लेखी प्राथमिक कालको पहिलो पाइला चालेका हुन्। अतः वीरधाराका प्रवर्तक कविका रूपमा सुवानन्ददासलाई चिनिन्छ। यस धाराका अन्य कविहरू शक्तिवल्लभ अर्ज्याल, उदयानन्द अर्ज्याल, राधावल्लभ, सुवानन्द आदि हुन्। यस धाराका कवितामा मुख्यतः युद्धवर्णन, वीरबन्दना, राजभक्ति, शासकस्तुति, देशप्रेम, राष्ट्रियता, नैतिक चेत आदि भाव प्रकट भएका छन्। वीरकालीन कवितामा लोकलय र शास्त्रीय छन्दको प्रयोग भएको पाइन्छ। यद्यपि भाषाशैली, छन्द-लय एवम् शिल्प संरचनामा स्तरीयता पाइन्न।

### ४.१.२ उत्तरप्राथमिक काल (वि.सं. १८७३-१९४०)

नेपाली कविताको वि.सं. १८७३ देखि वि.सं. १९४० सम्मको समयावधि भक्तिकाल हो। वि.सं. १८७२ मा भएको सुगौली सन्धिपश्चात नेपालको सीमा विस्तारक्रम रोकियो। यसबाट नेपालीहरूमा चोट परी उमङ्ग सेलाउँदै उनीहरूको मन अन्यत्रै मोडिन पुग्छ। फलतः नेपाली कविता वीरवन्दनाबाट ईश्वर भक्तितर्फ लाग्न थाल्यो। यस अवधिका कविहरूले ईश्वरका साकार रूप र निराकार रूपको वर्णन गर्न थाले। यस भक्तिकाललाई सगुन भक्तिधारा र निर्गुण भक्तिधारा गरी दुई भागमा बाँड्न सकिन्छ।

#### सगुण भक्तिधारा

सगुणभक्तिधारा अन्तर्गत कृष्णभक्ति र रामभक्तिका दुई उपधारा रहेका छन्। भगवान् श्री कृष्णलाई आस्थाको केन्द्र बनाई कृष्णभक्तिधारा अघि बढ्यो। श्रीकृष्णको लीलाको वर्णनमा आधारित भएर सिर्जना गरिए। यस धारामा कलम चलाउने मुख्य प्रतिभा र कृतिहरूमा ***इन्दिरस***को गोपिका स्तुति (१८८४), ***वसन्त शर्मा***को कृष्णचरित्र (१८८४) र समुन्द्रलहरी (१९०१), ***विद्यारण्य केशरी अर्ज्याल***का 'युगल गीत' र द्रौपती स्तुति, ***वीरशाली पन्त***को सरस प्रेमावली, ***विद्यापति***को राघबाह्रमासा (१८८६) आदि पर्दछन्।

भगवान् श्रीरामलाई आस्थाको केन्द्र बनाई रामभक्ति धाराका कविहरूले सिर्जना गरेका छन्। भगवान् श्रीरामको जीवनसँग सम्बन्धित विविध पक्षलाई विषयवस्तु बनाई कविहरूले सिर्जना गरे। यसरी सिर्जना गर्ने प्रमुख प्रतिभा र कृतिहरूमा ***रघुनाथ पोखेल***को सुन्दरकाण्ड र आदिकवि ***भानुभक्त आचार्य***का भक्तमाला (१९१०), रामायण (१९१०), बधुशिक्षा (१९१३), रामगीता (१९२५) आदि पर्दछन्।

#### निर्गुण भक्तिधारा

यस धारालाई ईश्वरको साकार र निराकार रूपको उपासना गर्ने धाराका रूपमा चिनिन्छ। सन्तपरम्पराबाट सम्बन्धित व्यक्तिहरूबाट यस धाराको आरम्भ भएको हो। यस धाराका कविहरूले

मानवतावादी अवधारणा स्थापित गर्ने उद्देश्यले जाति विभेद, अन्याय र अत्याचार, कर्मकाण्डी प्रवृत्तिको विरोध गरेको पाइन्छ ।

यस धारामा कलम चलाउने प्रमुख प्रतिभा र तिनका रचनाहरूमा ***सन्त शशिधर***का वैराग्याम्बर, बाणीपनिषद्, ***अगमदिलदास***को 'सोह्र निर्गुण कविता' ***अखण्डदिलदास***को पाँच निर्गुण भजन, ***ज्ञानदिलदास***का उदयलहरी र केही भजनसंग्रहहरू पर्दछन् । यस धाराका केन्द्रीय प्रतिभाका रूपमा ज्ञानदिलदास देखिन्छन् । यसैगरी अन्य कविहरूमा ***पतञ्जली, गजुर्‍याल, हरिदास*** आदि पर्दछन् ।

प्राथमिक कालका कविहरूले नेपाली वातावरणको खोजी गरेको देखिन्छ । लोक र शास्त्रीय परम्पराको अनुशरण, फुटकर कवितादेखि प्रबन्ध काव्यसम्मको विकास भएको यस कालमा शैली, प्रस्तुति, विचार आदिमा विविधता आउन थालेको देखिन्छ । वीरभाव, वीरवन्दनायुक्त सिर्जना, लोकलय र शास्त्रीय छन्दको प्रयोग, भक्तिभावका कविताको रचना, ईश्वरको साकार, निराकार रूपको वर्णन, अनुवादित ग्रन्थमा आधारित सिर्जना, प्रायः मिश्रित र अपरिष्कृत भाषाशैलीको प्रयोग र लहरी कविता लेखन यस कालका प्रमुख विशेषताहरू हुन् ।

## ४.२ माध्यमिक काल (वि.सं. १९४१-१९७४)

वि.सं. १९४१ देखि १९७४ बीचको लगभग साँढे तीन दशकको समयावधि नेपाली कविताको माध्यमिक काल हो । यस कालको मुख्य परिचायक भनेको मुद्रण र श्रृङ्गारिकता हो । लेखोट युग पार गरी छापाखाना युगमा नेपाली कविताको प्रवेश माध्यमिकताको प्रबर्द्धन क्रमसँग सम्बन्धित एक मुख्य घटना हो र मोतीराम भट्टद्वारा बनारसबाट छपाइएको भानुभक्तीय रामायणको बालकाण्डको प्रकाशन उल्लेखनीय छ । वि.सं. १९४२ सालमा भानुभक्तीय ***रामायण*** को पूरै भाग साथै रघुनाथ भट्टको ***सुन्दरकाण्ड रामायण*** डमरुबल्लभद्वारा छपाइए । ***गोरखापत्र ( १९५८), सुन्दरी (१९६३)*** र ***माधवी (१९६५)*** को प्रकाशनले नेपाली कविताको विकासमा टेवा पुर्‍याएको पाइन्छ । यस कालको केन्द्रीय प्रवृत्ति श्रृङ्गारिकता हो । यसका नायक मोतीराम भट्ट हुन् । श्रृङ्गारिक कविताधाराको अन्तिम समग्रविन्दुका रूपमा ***'सूक्तिसिन्धु'*** कवितासङ्ग्रह (वि.सं. १९७४) हो ।

यस कालको अर्को उपलब्धिका रूपमा कवि समूहको संगठन र कवितात्मक वातावरणले पाएको प्रश्रय हो । मोतीमण्डलीको सक्रियतामा समस्यापूर्ति कविता परम्पराको तथा वि.सं. १९६२ मा प्रकाशित ***कविता कल्पद्रुप*** शीर्षक सामूहिक कवितासङ्ग्रह यसको उदाहरण हो । मोतीराम भट्टका ***पीकदूत, मनोद्वेग प्रवाह*** जस्ता कृतिहरूलगायत फारसी छन्द, लयमा आधारित गजल, मुक्तक, फुटकर कविता लेखनतर्फ कविहरू अभिप्रेरित भएको पाइन्छ । नेपाली कविताको माध्यमिक कालको श्रृङ्गारधारालाई मोटामोटीमा पूर्वार्द्ध (वि.सं. १९४१-१९६१) र उत्तरार्द्ध (वि.सं. १९६२-१९७४) का रूपमा बाँड्न सकिन्छ । प्रकारान्तरले यस माध्यमिक काललाई क्रमशः पूर्वप्राथमिक काल र उत्तरप्राथमिक कालका रूपमा पनि चिन्न सकिन्छ । (त्रिपाठी, २०६५: १११)

मोतीराम भट्टको ***मनोद्वेग प्रवाह, पीकदूत, गजेन्द्र मोक्ष***जस्ता पुस्तकाकार कृतिलगायत अन्य गीत, गजल, जीवनी, नाटक, समीक्षा आदि माध्यमिक कालका उपलब्धि हुन् । सवाई र

लहरी लोक साहित्यिक परम्पराले लिखित रूप पनि यसै युगमा प्राप्त गरेको हो। लेखनाथजस्ता कविहरूले श्रृङ्गारिकतालाई तोड्दै नवयुगको सुरुआत माध्यमिक कालको अन्त्यमा गरेका हुन्। माध्यमिककालीन श्रृङ्गारधाराका मुख्य कविहरू हुन्- ***मोतीराम भट्ट, राजीवलोचन जोशी, लक्ष्मीदत्त पन्त, गोपीनाथ लोहनी, शिखरनाथ सुवेदी, तीर्थराज पाण्डे, देवराज लामिछाने, राधानाथ लोहनी, श्यामजी अर्याल, देवीदत्त पराजुली, शम्भुप्रसाद ढुङ्ग्याल, पहलमानसिंह स्वाँर*** आदि। लोकधारा र लोकलयबाट प्रेरित भई श्रृङ्गारिक गीत कविताका क्षेत्रमा देखापर्ने कविहरूमा ***हाजिरमान राई, रतननारायण, प्रतापसिंह राई, धर्मसिंह चामलिङ, बलबहादुर सारु मगर, चन्द्रमान राई, तारामान गुरुङ, दलबहादुर राई, सुन्दरसिंह मुन्सी, नरवीर तामाङ, डी.वी. राई*** आदि पर्दछन्। माध्यमिक कालका समयावधिमा उत्तरप्राथमिक कालमा थालिएको भक्तिधाराको रचनाक्रम र प्रकाशन श्रृङ्खला पनि समानान्तर वा गौण रूपमा चलेको पाइन्छ। पौराणिक आख्यानलाई श्लोकबद्ध गरी भानुभक्तीय परम्परा थाम्दै रामायण, महाभारत, जैमिनीय भारत, श्रीमद्भागवत्, देवीभागवत् र अन्य पौराणिक आख्यान स्रोतका साना- ठूला अनेक पद्यकृतिको रचना र प्रकाशन माध्यमिक कालमा धेरै मात्रामा भएको पाइन्छ। यस सन्दर्भमा विशेष चर्चित कविहरूमा ***राजीवलोचन जोशी, गोपीनाथ लोहनी, वैयाकरण नेपाल, पतञ्जली गजुर्‍याल, शिखरनाथ सुवेदी, रेवतीरमण न्यौपाने*** आदि पर्दछन् र यस कालका काव्य प्रवृत्तिमा कल्पना, भावुकता, मौलिक सिर्जनात्मक प्रतिभाका साथै सौन्दर्यचेत आदि विविधता पाइन्छ साथै कविहरू स्तरीयतातर्फ लम्किरहेको पाउँछौं।

## ४.३ आधुनिक काल (वि.सं. १९७५- हालसम्म)

वि.सं. १९७४ सालमा 'सूक्तिसिन्धु' को प्रकाशसँगै उत्कर्षमा पुगेर श्रृङ्गारिक धारा शिथिल भएपछि लेखनाथका सामाजिक, नैतिक र आध्यात्मिक कविताबाट नेपाली कविताको आधुनिक कालको उदय हुन्छ। वि.सं. १९७५ देखि हालसम्मको समयावधि नेपाली कविताको आधुनिक काल हो। मुख्यतः १९७५ देखि २०१६ पूर्वको समयावधि पूर्वार्द्धकालको रूपमा लिइन्छ भने २०१७ देखि हालसम्मको समयावधि उत्तरार्द्ध काल हो। पूर्वार्द्ध काललाई नेपाली भाषाको नवनिर्माण काल पनि भनिन्छ। आधुनिक नेपाली कविताको पूर्वार्द्ध काल खासगरी परिष्कारवादी धारा र स्वच्छन्दतावादी धारा क्रमिक रूपमा विकसित भएका देखिन्छन्। प्रयोगवादी धारा र स्वच्छन्दतावादी धारा उत्तरार्द्धमा देखिए।

परिष्कारवादी धाराबाट नेपाली कविताको आधुनिक काल आरम्भ भई वि.सं. १९९१ सालमा ***शारदा*** पत्रिकाको प्रकाशनपश्चात अझ सबल बनेको देखिन्छ। १९९२ सालमा लक्ष्मीप्रसाद देवकोटाजस्ता विशिष्ट प्रतिभाशाली व्यक्तिले पाश्चात्य साहित्यमा देखा परेका स्वच्छन्दतावादी धारालाई नेपाली साहित्यमा प्रवेश गराएपछि आधुनिकताले अर्को फड्को मारेको आभाष मिल्छ। १९७५ देखि हालसम्म आइपुग्दा आधुनिक नेपाली कवितामा विभिन्न धारा र प्रवित्तहरू देखिन्छन्। यसकारण प्रवृत्तिगत धाराका आधारमा आधुनिक नेपाली कवितालाई चार भागमा वर्गीकरण गरी अध्ययन गरिन्छः

### ४.३.१ परिष्कारवादी धारा (१९७५-१९९०)

परिष्कारवादी प्रवृत्तिका केन्द्रीय प्रतिभा लेखनाथ पौड्याल हुन्; त्यसैले यस चरणलाई लेखनाथ युग भन्न सकिन्छ। माध्यमिककालीन् श्रृङ्गारी भावधाराका स्थानमा समकालीन सामाजिक आवश्यकताअनुरूप सांस्कृतिक, नैतिक र आध्यात्मिक नवजागरणका भावले भरिएका परिमार्जित भाषाशैली, शिल्पका वार्णिक छन्दमा आबद्ध सुललित कविता र काव्यकृति दिएर उनी नेपाली कविताका क्षेत्रमा देखिन्छन्। लेखनाथले यस क्षेत्रमा नयाँ युगको सूत्रपात गरी समाज, नीति र दर्शनको व्यापक क्षेत्र प्रदान गर्नु तथा कवितालाई भौतिक विकास वा दैवी भक्तिको साधन रहन नदिई समाजको मानसिक र बौद्धिक उत्थानको साधन तुल्याउनु र यसो गर्दागर्दै पनि त्यसमा बौद्धिक शुष्कताको साटो भावात्मक सरसता भर्नु र उदात्त सौन्दर्य एवम् उच्च साङ्गीतिकता दिएर त्यसमा संवेद्य पार्नुमा लेखनाथको आधुनिकता निहीत् छ। लेखनाथको यस युगमा नै पूर्वबाट भाषाशास्त्रीको रूपमा चर्चित महानन्द सापकोटा, महाकवि लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण समजस्ता साहित्यकारहरूका माध्यमबाट अनिश्वरवादी भौतिक दर्शनका आधुनिक चेतको बीजारोपण हुन्छ।

यस धारामा कविताको लघु रूप फुटकर कवितादेखि वृहत् रूप महाकाव्यसम्मका रचनाहरू आएका छन्। यस धाराका उपलब्धिहरू भाषाशैली र शिल्प, अलंकार, कथनपद्धति, छन्द, भावमा परिपाक, प्राकृतिक सौन्दर्य, सामाजिक नैतिक चेतना आदि हुन्।

### ४.३.२ स्वच्छन्दतावादी प्रगतिवादी धारा (१९९१-२०१६)

वि.सं. १९९१ देखि २०१६ सम्मको समयावधि आधुनिक नेपाली कविताको स्वच्छन्दतावादी प्रगतिवादी धाराको हो। यसलाई देवकोटा युगका रूपमा लिन सकिन्छ। १९९१ सालमा ***'शारदा'*** पत्रिकाको उदय सँगसँगै धेरै साहित्यकार आए। त्यसमध्ये प्रमुख लक्ष्मीप्रसाद देवकोटा र सिद्धिचरण श्रेष्ठका सहकारिताबाट पश्चिमी ढाँचाको स्वच्छन्दतावादी (रोमान्टिक) धाराको प्रबर्द्धन भएको देखिन्छ। स्वच्छन्दतावादी धारा पनि शुद्ध स्वच्छन्दतावादी धारा (१९९१-२००३) र स्वच्छन्दतावादी-प्रगतिवादी धारा (२००४-२०१६) गरी दुई भागमा विभाजन गरी अध्ययन गर्न सकिन्छ।

लक्ष्मीप्रसाद देवकोटा स्वच्छन्दतावादी धाराका प्रमुख प्रतिभा हुन्। यस धारामा कलम चलाउने अन्य प्रतिभाहरू सिद्धिचरण श्रेष्ठ, गोपालप्रसाद रिमाल, माधवप्रसाद घिमिरे, केदारमान व्यथित आदि हुन्। नेपाली कवितामा मुक्त छन्द स्वरूप र गद्य कविताको प्रवृत्ति यसै धाराअन्तर्गत विकसित भएको हो।

१९९७ सालको सहिदपर्वयता क्रमशः बढ्दै आएको नेपाली प्रजातान्त्रिक आन्दोलनका परिप्रेक्ष्यमा २००४ सालदेखि नेपाली राजनीतिक चेतनामा बढ्दो क्रान्तिज्वारसँगै स्वच्छन्दतावादी धारा प्रगतिवाद उन्मुख बन्छ। यस धाराका कविताहरूमा क्रान्तिकारी भाव र विद्रोही चेतना मुखरित भएको पाइन्छ। कविहरूले राजनीतिक जागरणका साथै सामाजिक विकृति, विसंगतिप्रति व्यङ्ग्य गरेका छन्।

### ४.३.३ प्रयोगवादी धारा (२०१७-२०२९)

वि.सं. २०१७ देखि २०२९ सम्मको समयावधि प्रयोगवादी धाराले लिएको छ। दलविहीन् पञ्चायती व्यवस्था र यो धारा सँगै आरम्भ भएको हो। ***रूपरेखा*** पत्रिकामा मोहन कोइरालाको '***घाइते युग***' नामक कविताको प्रकाशनसँगै प्रयोगवादी धाराको सुरुआत् भएको हो। मोहन कोइराला यस धाराका केन्द्रीय प्रतिभा हुन्। यो धारा युरोप, अमेरिकामा १९औं शताब्दीको अन्तिम चरणदेखि २०औं शताब्दीको अनेक धारा र प्रवृत्तिहरूको प्रभाव र प्रेरणा साथ विकसित भएको धारा हो। प्रतीकवाद, अतियथार्थवाद, अस्तित्ववाद र विसङ्गतिवादजस्ता आधुनिक चिन्तनबाट प्रभावित यो धारा अचेतन लेखन, अमूर्त लेखन र स्वचालित लेखन प्रविधिको उपज हो। यस धाराका कविहरूले अतियथार्थवादी, अस्तित्ववादी, विसंगतिवादी, फ्रायडवादी, मार्क्सवादी चिन्तनको प्रस्तुति गरेका छन्। अवचेतन मनका अनुभूतिलाई चेतनप्रवाहमा प्रस्तुत गरी कविताका लघुरूप फुटकरदेखि महाकाव्यसम्मका लामा सिर्जना भएको पाइन्छ। मोहन कोइरालाबाहेक यस धाराका अन्य कविहरूमा ईश्वरबल्लभ, वैरागी काइँला, कृष्णभक्त श्रेष्ठ, पारिजात, तुलसी दिवस, उपेन्द्र श्रेष्ठ, मदन रेग्मी, द्वारिका श्रेष्ठ आदि हुन्।

प्रयोगवादी पेरीफेरीभित्र राख्न सकिने तर दार्जिलिङबाट एक अलग अभियानका रूपमा चलेको '***तेस्रो आयाम***' अन्तर्गतको आयामिक कविता यस युगको महत्वपूर्ण उपलब्धि हो। नेपाली प्रयोगवादी कविता धाराअन्तर्गत 'लामो कविता' का खण्डकाव्यनिकट अनेक प्रयोग साथै 'लामो काव्य'का माध्यमबाट महाकाव्यात्मक विस्तारतर्फ पनि चासो राखिएको पाइन्छ। मोहन कोइरालाका सूर्यदान (२०२२), लेक (२०२३), पलङ नं. २१ (२०२९), नून शिखरहरू (२०३१), नदी किनारका माझी (२०३८) अन्तर्गतका 'गङ्गाप्रवास' र अन्य लामा कविताहरू तथा 'ऋतुनिमन्त्रण' र 'गरलपान (२०४०)' र एउटा पपलरको पात (२०४७); तीन लामा कविताको सँगालोजस्ता कविताको अन्तर्विकासक्रमले प्रयोगवादी कविता धारालाई विस्तृति र उचाइका साथै क्लिष्टताबाट क्रमिक सम्प्रेष्यतातर्फ डोऱ्याएका छन्।

### ४.३.४ समसामयिक धारा (२०३०-वर्तमानसम्म)

वि.सं. २०३० सालदेखि समसामयिक धाराको आरम्भ भएको हो। नेपाली प्रयोगवादी कविता धाराका एक दशक बित्दा नबित्दै राल्फा, अकविता, योङ्ग राइटर्स फ्रन्ट, अमलेख आदि अभियानका नयाँ चहलपहल नेपाली कविता परिप्रेक्ष्यमा देखा पर्न थाल्यो। गोजीका (लघुपत्रिका आन्दोलन), हवाईपत्र र मिनी मुक्तक तथा लघु कविताका प्रयासबाट प्रयोगवादी क्लिष्टतालाई छिचोल्दै सम्प्रेष्यता र समसामयिक यथार्थबोधप्रति बढ्दो रुचिले गर्दा धारागत सङ्क्रमणको आभास बढ्न थाल्यो। यस धाराका प्रमुख कविहरूमा शैलेन्द्र साकार, जनार्दन जोशी, रमेश श्रेष्ठ, भुवन ढुङ्गाना, मञ्जु काँचुली, कविताराम, हरि अधिकारी, कणाद महर्षि, अविनाश श्रेष्ठ आदि हुन्।

तीसका दशकका सुरुतिर नवलेखन र युवालेखन भनिएको र आधुनिक नेपाली कविताको नवप्रगतिवादी र नवयथार्थवादी पुनर्स्थापना पनि भन्न सकिने समसामयिक धाराका मुख्य प्रवृत्तिगत पहिचान सम्प्रेषणीयताका प्रत्यावर्तन, लघु (मुक्तक) कविताप्रति विशेष आकर्षण,

समसामयिक विकासोन्मुख नेपाली समाजका (२०४६ र २०६२/६३ सालका जनआन्दोलनको अघिका वा पछिका) सामाजिक, राजनीतिक एवम् आर्थिक र अन्य क्षेत्रमा देखापरेका विसंगतिका टड्कारा सन्दर्भ र समस्याप्रतिको तीब्र संवेदनशीलता र जागरुकता आदि हुन् ।

२०४६ सालको जनआन्दोलनपछि दलविहीन पञ्चायती व्यवस्थाको समाप्तिसँगै प्रजातन्त्र पुनर्प्राप्ति भएपछिका कविता लेखनले एक मोड लियो । प्रजातान्त्रिक मूल्यमान्यताका कुरा उठाउँदै समसामयिकतालाई टिप्ने प्रयास गऱ्यो । २०६२/६३ मा भएको जनआन्दोलनबाट प्राप्त लोकतन्त्र तथा संविधानसभा सदस्यका लागि भएको चुनाव, संविधानसभाको गठन तथा अढाई सय वर्ष अघि स्थापना भएको राजतन्त्रको समाप्तिसँगै समसामयिक नेपाली कविता परम्पराले पनि स्वरूप, विषय, वस्तुगत परिवर्तन खोजिरहेको छ । सामयिक अभिव्यक्ति र परिवर्तन मुखरित भइरहेको पाइन्छ । यस समसामयिक धाराका विशेष चर्चित कविहरू हुन् -मीनबहादुर विष्ट, तोया गुरुङ, अनिता तुलाधार, दिनेश अधिकारी, कृष्णभुषण बल, नवराज कार्की, जीवन आचार्य, किशोर पहाडी, सरुभक्त, शिव अधिकारी आदि ।

यस धाराका अरु कविहरू श्रवण मुकारुङ, चंकी श्रेष्ठ, प्रोल्लास सिन्धुलीय, देवी नेपाल, रामप्रसाद ज्ञवाली, चन्द्रप्रसाद न्यौपाने, अर्जुन पराजुली आदि हुन् ।

**निष्कर्ष**

नेपाली कविताको लेख्य, शिष्ट परम्पराले २४० वर्षको समयावधि पार गरेको छ । यसबीचमा थुप्रै खालका रूप, धारलाई पार लगाउँदै अहिलेको यो अवस्थासम्म आइपुगेको छ । स्तुति, ईश्वरभक्ति, रतिराग, जागरण आदि विषयवस्तुका कविता रचिदैं अहिले सामाजिक दिग्दर्शन, अवस्थाचित्रण, जागरण तथा वास्तिविकता दर्शाउने कलात्मक र स्तरीय कविता लेखिने चरणसम्म आइपुगेको छौं । नेपाली कविताले अढाई शताब्दीको बीचमा धेरै फड्को मारेर अघि बढिसकेको छ ।

⊙

# *पाँचौं परिच्छेद*

# ५. 'सजीव समय' कवितासङ्ग्रहको मूलपाठ र विवेचना

## ५.१. 'सजीव समय' कवितासङ्ग्रहको मूलपाठ

### ५.१.१. जुलुस : उमङ्गका मुनाहरूको

कहिलेकाहीं
जुलुस निकाल्छन् उमङ्गका मुनाहरू
सौम्य, सभ्य जुलुस
न नारा घन्काउँछन्
न टायर सल्काउँछन्
ध्वनि प्रदूषणविहीन
वायु प्रदूषणविहीन
बरु मैन सल्काउँछन् जुलुसेहरू
तप्प-तप्प थोपा चुहाउँछन् मुटुमाथि
च्वास्स-च्वास्स दुखाइसँगै
तमतमाइँदो जिन्दगी बाँचिरहेछु
अलिनो तिर्सना साँचिरहेछु ।

फर्केर एकपटक
चौतारीमा बाघचाल खेल्छ मन
पारिपाखामा दाउरा सडेट्छ
चिसो पानी पिउँछ रयलेको
अ हँ पछ्याउन छाड्दैन
उमङ्गका मुनाहरूका जुलुसले

सौम्य, सभ्य जुलुस
अश्रुग्याँस प्रयोग गर्न मन लाग्दैन
लाठीचार्जको औचित्य देख्दिन
गोली त भन् के चलाउनु ?

त्यही त
जुलुसेहरू मैन सल्काउँछन्
तप्प-तप्प थोपा चुहाउँछन् मुटुमाथि
च्वास्स-च्वास्स दुखाइसँगै
तमतमाइँदो जिन्दगी बाँचिरहेछु
अलिनो तिर्सना साँचिरहेछु ।

⊙⊙

## ५.१.२ रक्तरेखाङ्कित बुद्धको अनुहार

सुकोमल फूलले भन्नेगर्थ्यो-
तिमी मभन्दा कति कोमल छौ
अहा ! प्रफुल्लित नजरले मौन स्वीकृति दिन्थें
साँच्चै तिमीभन्दा म निकै कोमल छु
फुल्थें अभिमानले गौरवको ताज पहिरेर
आज म भन्छु पत्थरलाई-
ए पत्थर ! तँभन्दा म कति कठोर छु है
अनि ऊ विस्मित नजरले हेर्दै
ग्लानिले खण्डहर भएर
चुपचाप-चुपचाप टोलाउँछ
म मख्ख छु
कठोर हुनुको उसको घमण्ड चकनाचुर पार्न सकेकोमा

म अर्थात् म, उही म
हिजोको कति सुकोमल
आज कठोरताको पराकाष्ठा चुमेको छु
रुवाण्डा र बुरुण्डीमा पानी बग्न छाडेर
रगत बग्दा मेरो मुटु चर्चरी चिरिन्थ्यो
अनि संवेदना थिल्थिलिन्थ्यो
पुनः तियामेन, श्रीलंका, काश्मिर हुँदै
भुसको आगो सल्किँदै-सल्किँदै
पुत्पुताउँदै सगरमाथा
मेरो घरको धुरी डढेको छ
कञ्चन पानी बग्ने इन्द्रावतीमा
भुल्भुली रगत बग्दैछ
तैपनि मेरो संवेदना छट्पटाउँदैन
अनि म संवेदनाहीन भएर
क्षितिजमा बुद्धको निन्याउरो अनुहारलाई
रक्त रेखाङ्कन गर्दैछु ।

⊙⊙

## ५.१.३. कति कृतघ्न म ?

हो, त्यही ठाउँ हो
जहाँ मचक्क टेक्न पाएथें
र त पाइला चाल्न सकें
अनि अघि बढ्न सकेछु यतिसम्म

धिक्कार ! कस्तरी भुल्न सकेछु त्यस ठाउँलाई
ठिङ्गिएको छु कठघरामा यतिखेर
ठुँगिरहेछन् प्रश्नहरूले मथिङ्गल
र म यो डिलमा उभिएर गमिरहेछु –
के मैले खाएको यो भाग मेरो मात्र कमाई हो ?
मैले पाएको यो मान मेरो मात्र उपलब्धि हो ?
तय गरिएका यी यात्रा मैले मात्र हिँडेको हुँ ?

बिर्सेछु त्यो टेको
अडिएथें, अडिएको छु उसैको आडमा
तरें थुप्रै नदी तरें
फ्यालें समाउने लट्ठी त्यहीं
थुप्रै नदी तराए पुलले
हेरिनँ फर्केर कहिल्यै
हल्लाइनँ कृतज्ञताको हात पनि
वाफ् रे कति कृतघ्न म !

⊙⊙

### ५.१.४. आमाको जतन

आमाले चाङ लगाएर सन्दुसमा राखेको
ढुङ्गा देखेर अचम्म लाग्थ्यो
उहाँ भन्नुहुन्थ्यो -
   जतन हो बाबु जतन !
एउटा चिटिक्कको घर बनाउनु छ तिमीहरूकै निम्ति
र त म रातदिन लागिरहेकी छु यसकै लागि

मेरो आमाप्रतिको विश्वास हो या अबुझपन
साँच्चै हो आमाले एउटा सुन्दर उपहार दिनुहुनेछ
चिटिक्कको घर
जीर्ण घरको ओतबाट सर्नेछौं हामी पनि कुनै दिन
त्यही स्वप्नसंसारको घरमा

सपनाजस्तै लागिरहन्छ अहिले पनि मलाई
आमा अझ त्यही काममा हुनुहुन्छ
म पनि विश्वस्त भएर
सपनाको निहिनमा यसो टाउको अड्याएर
लोलाइरहेछु
हेरिरहेछु आमाको मेहनतलाई
अझै पनि आमा ढुङ्गा बटुल्दै हुनुहुन्छ ।
⊙⊙

### ५.१.५. प्रतीक्षा, नयाँ वर्षको

एक पसर खुशी आमाको पोल्टामा राखिदिन
  मैले धेरै नयाँ वर्षलाई पुरानो बनाएको छु
  र हरेक 'भनिने नयाँ वर्ष'लाई फटाएर
  नयाँ वर्षको प्रतीक्षा गरिरहेछु
भर्खर बिराएका खोरिया र
सिरु फुल्ने बाँझा पाटामा
बुढा हजुरबाका सुन फलाउने धेरै कथा सुनें
सुनकोसी र इन्द्रावतीहरूमा आगो बाल्ने कुरा रमाइलो मानें
चार बीस हिउँद खाएका बुढा हजुरबाका कुरा
मलाई दन्त्यकथा लागे पनि
वास्तवमा त्यहाँ सम्भावित नयाँ वर्ष रहेछ
र, हजार पत्र परेको बुढो गालामा म
नयाँ वर्षको खाका हेरिरहेछु
फेरि म नयाँ वर्ष खोजिरहेछु

पाखुरामा बल भएका बलबहादुरहरू
विदेशीको गुलामीमा गइरहेछन्
कुस्त धन भएका धनबहादुरहरू
विदेशमै धन थन्क्याइरहेछन्
यस्तै हो भने,
  कसरी सुन फल्ला खोरियाहरूमा
कसरी बल्ला र सुनकोसीमा आगो ?
र हेर्ने हुन् नयाँ वर्ष यी आँखाले !

भाषणै भाषणमा मङ्सिर फलाउनेहरू
हारगुहारमा असार लगाउँछन्

मङ्सिरको मिठो सपना देखाउँछन्
र एक्लै मङ्सिर भित्र्याउँछन्
हामी चुपचाप छौं,
    असार लगाउँदाका ठेला साक्षी छन्
    हिलाले खाएका गोडा प्रमाण छन्
    बाली सलहलाई नै ठीक भयो
    यसको विरुद्ध हाम्रो 'रिट' कहाँ दर्ता हुन्छ ?
    हाम्रो न्यायालय कहाँ छ ?
    हो, म खोजिरहेछु, नियालिरहेछु
    प्रतीक्षा गरिरहेछु नयाँ वर्षको
    जहाँ असार लगाउनेहरू नै
    मङ्सिर भित्र्याउन पाउँछन् ।

⊙⊙

## ५.१.६. परिवेशलाई नियाल्दा

साँल्दाइ आऊ आज एकक्षण चौतारीमा सुस्ताऔं
परिवेशलाई नियाल्ने चेष्टा गरौं
हाम्रा देशमा मोटर र ट्रकहरू पनि थुप्रै रहेछन्
तर तिम्रा-हाम्रा भारी त,
यिनै थाप्ला जिन्दावाद !
यिनै गोडा धन्यवाद !
हवाईजहाजमा पनि हामीजस्तै मान्छे हुइँकिँदा रा'न
हामीलाई त डर लाग्छ है, सिध्याउँछ कि यस्ता जिनिसले
हाम्रै देशका ठूल्ठूला भुँडीवालहरू
ठूल्ठूला होटलमा ज्यूनार गर्छन् रे
हामीलाई त पेटभरि पानी खान पाए बेस
खै साँल्दाइ, यी निगाले खुट्टाले,
चार कोस धाएर पानी ल्याई बाँचिएला र ?
पोहोर चुनावमा त हाम्रै आँगनमा धारो आउने भा'थ्यो
कहाँ गए ती झुट्टा आश्वासन दिनेहरू ?

खैर, केही छैन साँल्दाइ
दुःखै गरेर पानी ओसारौंला, भरपेट खाऔंला
सुतौंला निर्धक्क
तर के गर्ने साँल्दाइ निर्धक्क सुत्नै सकिँदैन
भोकले हैन साँल्दाइ, ठूला पेटका सन्त्रासले
कुन दिन झुपडी गर्ल्यामगुर्लुम्म ढल्छ
हामीहरू वनका मृग हुनेछौं ।

मर्नु नै छ त साँल्दाइ, खुट्टै पसारेर के मर्ने ?
हाम्रा पुर्खाले विदेशी शत्रुलाई छप्काएका थिए रे
अब यी राता रगत ताता भएका छन्
अब चिनौं स्वदेशी दुश्मनलाई नै
जो हामीलाई लखेट्ने प्रयत्न गर्दैछन्
के हामीचाहिं मान्छे होइनौं ?
हौं भने किन मान्छेजस्तो भई जिउन पाउँदैनौं ?
उठौं साँल्दाइ, अब उठौं !!

⊙⊙

### ५.१.७. आरामीपत्र

झारेर रगत आँखाबाट तप्पतप्प
चोबेर नीब त्यहीं
लेखिरहेछु आमालाई आरामीपत्र
- हाँसेको छु
- बाँचेको छु
मनले मान्दैन
मगजले ठीक ठान्दैन
तैपनि हतारमा खामबन्दी गरेर पत्र
लेख्छु 'लैजा चरी हावा सरी........'

टुसुक्क बसेर पिँढीको डिलमा
बलेनीसँगै आँसु मिसाउँदै
आरामीपत्र पढिरहेछिन् आमा-
'बाँचेको छु-
हाँसेको छु'

पटक्कै विश्वास गर्दैन आमाको मनले
र आल्हादित बनाउँदैन उनलाई आरामीपत्रले
थिल्थिलिएको मनले शंका मार्न खोज्छिन्
अनि लेख्छिन्-
  कति बाँचेको छस् ?
  कति हाँसेको छस् ?

⊙⊙

## ५.१.८. अमलाको स्वाद

आमाले धेरै पटक बयान गर्नुभएको हो
थुप्रै किताबमा धेरै पटक पढिएको हो
अमलाको स्वादको बारेमा
माफ गर्नुस् महासय,
तर म यसको बारेमा
दुई शब्द पनि भन्न सक्दिनँ
काठमाडौंको खुलामञ्चमा, यहींको टुँडिखेलमा
घरनजिकको स्कूलको मैदानमा
तपाईंले पनि धेरै पटक सुन्नुभएको होइन र
अमलाको बयान
यसको स्वादको बखान
तपाईंलाई पनि चुनौती
लु भन्नुस् त कस्तो हुन्छ स्वाद अमलाको ?

बयानले दिमाग भरिए पनि
पेट रित्तै रह्यो
तर हामीले कहिल्यै चाख्न पाएनौं अमला
र थाहा भएन यसको स्वाद पनि
बरु अमलाको स्वादको बयान गर्दै
हाम्रै रगत चुसिरहे
हाम्रै पसिना घुट्क्याइरहे
अस्थिपञ्जर बोकेर फुकिढल ज्यानले
अब कसरी अमलाको स्वाद चाख्ला ?

⊙⊙

## ५.१.९ निर्दोष मुस्कान

अ हो, गाउँले बालबनिता !
तिम्रो निश्चल ओठमा अबोध मुस्कान देख्दा
मेरो मन तमासिन्छ
तिम्रा स्वच्छ हृदय, मृदु मुस्कान
कति निर्दोष छ है
तर कति खेदको कुरो छ,
जन्मँदै थाप्लाभरि रिन छ
वारपार काँढेतार छ
चारैतिर बारुद र तरबार छ ।

⊙⊙

### ५.१.१० कालुको बारीमा भालुको रस्ता

सुन्दर, शान्त, विशाल मेरो देश नेपाल
केवल अब कवि, लेखकका डायरीभित्र कैद छ
काव्य र महाकाव्यका ठेलीभित्र सीमित छ
किनकि,
सुन्दर मेरो देश नेपाल
सगरमाथा हेऱ्यो भास्सिँदै-भास्सिँदै गा'छ
नेपालको धन, हरियो मन मासिँदै-मासिँदै गा'छ
सुनाखरी र लालीगुराँस फुल्ने पाखाहरू पनि
विकासका नाममा धुलाम्य, नाङ्गेझार भा'छ
जलस्रोतको धनी देश नेपाल
पानीबिना छट्पटिइ रा'छ
केही नदी सुक्दै-सुक्दै गा'छ
अन्नबाली लहलह झुल्ने फाँटहरूमा
बाँझो-बाँझो ठण्डाराम भा'छ
खेतबारीमा हाल्ने मलको मोल पनि
नेताजीकै तलब र भत्तामा गा'छ

सुन्दर मेरो देश नेपाल
ख्याउटे, नरकङ्काल भा'छ
खै मेरो सुन्दर देश नेपाल कहाँ पो गा'छ
यहाँ त पश्चिम-पश्चिम गन्ध आ'छ
सुन्दर मेरो देश नेपाल
कुरूपभन्दा कुरूप भा'छ
यस्तै हो,
कालुको बारीमा भालुको रस्ता छ
तैपनि कसलाई वास्ता छ

शान्त मेरो देशमा,
मान्छेको रगतको होली खेल्नु सामान्य भा'छ
मान्छेकै मासु चपाउनु ख्याल-ख्याल भा'छ
सक्नेले मान्छेकै टाउकालाई फुटबल बनाउन पा'छ

शान्तिक्षेत्र मेरो देश नेपालमा
हतियारकै जगजगी छ
बारुदै मगमगी छ
कोलाहल र चित्कार छ
तँछाडमछाड, शान्तिक्षेत्र नेपाल धिक्कार छ

मेरै देशमा,
विगत सम्झेर छिन्ताङ रुन्छ
वर्तमान देखेर झसङ्ग हुन्छ
आगत सम्झेर सशंकित बन्छ
पिस्कर आफ्नै व्यथामा छट्पटाउँछ
खप्नै नसकेर भट्भटाउँछ
परन्तु, नरसंहारकर्ता नै माथि-माथि पुग्छन्
छिन्ताङ, पिस्कर, सुखानीका रोदन कसले पो सुन्छन् ?
श्यामेको पसिनाको मूल्य छैन
रामेको श्रमको लेखोट छैन

विशाल मेरो देश,
महाकाली पनि सेती हुन आ'छ
मेची पनि अब कोसीमै आ'छ
डाँफे र मुनाल उत्तरतिर भुर्रभुर्र उड्न लाग्या छ
हात्ती र गैंडाहरू दक्षिणतिर भाग्या छ
यहाँ, तरुल बढ्ने कुरै छैन
बरु ढुङ्गा बढ्ने गर्‍या छ
मेरो मन अमिलो भएर के भो
तपाईंको मन चहर्‍याएर के भो

वास्तविकता टाढा-टाढा भाग्या छ
आमालाई बेच्नेहरूको ताँती लाग्या छ
यस्तै हो,
कालुको बारीमा भालुको रस्ता छ
तैपनि कसलाई वास्ता छ ?

⊙⊙

## ५.१.११. लासको अभिनय

जिम्मा मान्छेहरूको -आँखा पनि जीवित हुन्छ
र हेर्न खेज्छ मनोरम दृश्य
जिम्दा मान्छेहरूको
मुख पनि बाँचेकै हुन्छ
र नै बोल्न खोज्छ न्यायको पक्षमा
या भन्नुस् अन्यायविरुद्ध
साँच्चै जिम्दा मान्छेहरूको
दिमाग सक्रिय हुन्छ
र नै अघि बढ्न खोज्छ
उन्नतिको शिखर चढ्न खोज्छ
अचम्म ! कस्तो अचम्म !!
एकाएक बगरबाट लास उठेर
लम्कँदैछ मानवबस्तीमा
जिम्दा मान्छेलाई कैद गर्दैछ

लासले जति नै जीवन्त अभिनय गरे पनि
अन्धाहरूले पूरापूर विश्वास गरे पनि
किटेरै भन्न सक्छौं -
लास लासै हो ।

कोसी थुन्न भन्नुस् या
सर्वोच्च शिखर चुम्न
पानीमा आगो बाल्न होस् या
आगोमा पानी हाल्न
यी काम त जिम्दा मान्छेकै हो
अभिनय गर्दैमा लास जिम्दो हुने भए
मान्छेहरू निस्लोट सुते भइहाल्थ्यो

त्यसैले,
लासहरूले बाँचेको अभिनय गर्दैमा
बाँचेकाहरू मरेझैं गर्दैनन्
र गर्नुहुन्न पनि

वाह ! क्या जीवन्त अभिनय लासको
विडम्बना ! मानवबस्तीमा यो स्वीकार्य छैन
मसानघाटका लागि मात्रै हो लासको अभिनय
हामी भन्छौं-
जिम्दा मान्छेलाई
एक आकास हेर्न देऊ
एक मुख बोल्न देऊ
एक दिमाग सोच्न देऊ
अगाडि बढ्न देऊ
उन्नतिको शिखर चढ्न देऊ ।

⊙⊙

## ५.१.१२. अभाव/तृप्ति

गोजी छामछुम गरें - कौडी छैन
स्टोभ हल्लाएँ - मट्टितेल छैन
पानीको लाइनमा बसें
पालै नआई पानी सुक्यो
मन कता-कता तमासले दुख्यो

हो, आमाले पस्किएको खाना सम्झें
पलेंटी कसेर गजधम्म बसें
'नानीलाई अलि खाना थपौं' सोध्दै हुन्छिन्
'पुग्छ' भन्दाभन्दै अलिकति थप्छिन्

बन्द कोठाभित्र एकातिर थन्किएँ
मनमनै निकै फन्किएँ
निरास र हतास भइनँ
कतै जाँदा पनि गइनँ ।

खैर, मट्टितेलको खाँचोले रोकेन
पानीको अभावले छेकेन
प्रज्ज्वलित मनमा
हृदयको कन्दराबाट उम्मेदका पन्तरा झिकें
पिरोंले मज्जाले
अनि अघाउँजी खाएँ ।

पानी प्यासले पनि सताउन सकेन
नयनबाट भारी वर्षा भइरहे
पिएँ टन्न अश्रुजललाई
तृप्तिले डकारें
त्यसैले आज म गर्वले त्यसैत्यसै फुलेको छु
स्टोभमा मट्टितेल नभएर के भो
धारामा पानी नआएर के भो ?

⊙⊙

## ५.१.१३. यी अक्षरहरू

असरल्ल छन् अक्षरहरू
कुल्चँदै-कुल्चँदै म हिँड्न सक्तिनँ
नाघेर अक्षरको बाँधलाई
म जान सक्तिनँ
भाँज लागेका यी अक्षरहरू
गर्न खोजेका सम्झौता छेक्छ
हिँड्न खोजेका बाटा रोक्छ
समाउँछ च्याप्प कठालोमा
घोक्र्याउँछ जबर्जस्ती
निःशब्द टोलाइरहेछु
कति निरीह बनाए
यी आफैले कोरेका अक्षरहरूले
कति दुःख, दर्द र पीडासँग
कति हर्ष, उल्लास र उमङ्गमा
कति मिलन र विछोडमा
कोरिएका यी अक्षरहरू
ठिङ्ग उभिन्छ मेरै विरुद्ध
जबर्जस्ती समाउँछ घाँटी
ऐठन आँखाले हेर्नुको विकल्प छैन
'चुइँक्क' सम्म बोल्न सक्तिनँ म
कति विवश बनाए यी अक्षरहरूले !

⊙⊙

## ५.१.१४. बगरसँगै बगर भएर

टक्क अडिएर यो माटोमा
खोजिरहेछु मेरो लालीजोवान ।

बग्यो इन्द्रावती, बगिरहेछ इन्द्रावती
अविरल, अविराम
पुग्यो, कहाँ पुग्यो-पुग्यो
कत्ति-कत्ति पानी
बगर अझै-अझै यहीं
प्यासी बनेर हेरिरहेछ
बगरसँगै बगर बनेर
म पनि हेरिरहेछु इन्द्रावती ।

सललसलल-सलल मन बगिरह्यो नदीसँगै
समय बगिरह्यो
उमेर बगिरह्यो
जसरी बगर ठप्प रह्यो
उसैउसै गरी
तन यतै-यतै राखिरहें
मन टाढा-टाढा हुत्याएर ।

इन्द्रावती, यति धेरै पानी
अतृप्त हामी
मूल्यवान् समय
अ हो, कहाँ गए ती समय ?
पानीसँगै पानी-पानी भएर बग्यो
बगरसँगै बगर भएर रह्यो ज्यान
ब्युँझिएर यतिबेला,
म मागिरहेछु मेरो लालीजोवान
दिन्छौ त इन्द्रावती ?

⊙⊙

## ५.१.१५.	इतिहास : वर्तमान, भविष्य

‘इतिहास’ इतिहास नै हो
इतिहास ‘भूत’ हो
सिर्फ इतिहास विगत होइन
भूत होइन
इतिहास ‘वर्तमान’ हो
अझ इतिहास ‘भविष्य’ हो

इतिहास इतिहासमात्रै हुन्थ्यो भने
सङ्ग्रहालयमा सीमित हुन्थ्यो
अज्ञात नै हुन्थ्यो
मगरभरि सल्बलाउनुको अर्थ हुँदैनथ्यो
दिनानुदिन घोक्नुले महत्त्व राख्दैनथ्यो

त्यसैले इतिहास सिर्फ भूत होइन
विगत होइन
हो भने इतिहास परिवेश हो
वर्तमान जीवन हो
निश्चित भविष्य हो ।

यथार्थ लेखिए, लेखिएका पढिए
पढिएका अनुशरण गरिए
अनुशरण गरिँदैछ, गरिनेछ
त्यसैले इतिहास
सिर्फ इतिहास होइन
इतिहास वर्तमान हो
इतिहास भविष्य हो ।
⊙⊙

## ५.१.१६. थाहा छैन - पुग्ने कहाँ हो ?

हिँडिदो रहेछ
गन्तव्य थाहा नभएरै पनि हिँडिदो रहेछ
अझै हिँडिरहेका छौं
थाहा छैन - पुग्ने कहाँ हो ?

जून चुम्ने रहर मनमा बोकेर
सगर नाघ्ने उत्साह पोको पारेर
एक चिम्टी प्राण मुटुमा धुक्धुक्याएर
हिँडिदो रहेछ
नथाकेरै हिँडिदो रहेछ
थाहा छैन - पुग्ने कहाँ हो ?

मुहारमा एक झल्को तेज भर्नका लागि
हृदयमा एक चखन्ती खुसी ल्याउनका लागि
हिँड्दाहिँड्दै माटैमा बिलाउने गरी
हिँडिदो रहेछ
आफैलाई बिर्सेर पनि हिँडिदो रहेछ
थाहा छैन - पुग्ने कहाँ हो ?

मुखसम्म सिँगानको लत्को झार्दै
पिठ्यूभरि किताब बोकी
निकै हिँडिएको हो
थाहा थिएन के पढ्नुथ्यो;
तैपनि हिँडिदो रहेछ
थाहा छैन - पुग्ने कहाँ हो ?

पुगियो, धेरै कार्यालय पुगियो
धाइयो, धेरै संस्था धाइयो
किताब छैनन् झोलाभरि
छ त 'सर्टिफिकेट' छ
खोक्रिएको उत्साह छ
हिँडिदो रहेछ,
मन मारेर पनि हिँडिदो रहेछ

थाहा छैन - पुग्ने कहाँ हो ?

छ,
अभावको अनकन्टार भिर छ
मनमा एक कोसी पीर छ
थाहा भएकै हो लक्ष्य पनि
यतै ताकिएको तीक्ष्ण तीर छ
हिँडिदो रहेछ
थाहा छैन - पुग्ने कहाँ हो ?

भरजीवन
एउटा अन्त्यहीन क्रमभित्र
थुप्रै उपक्रममा हिँडिदो रहेछ
भङ्गालिँदै अँगालिँदै
कहिले सँगालिँदै
हिँडिदो रहेछ
हिँड्नका लागि पनि हिँडिदो रहेछ
थाहा छैन - पुग्ने कहाँ हो ?

⊙⊙

### ५.१.१७. रहरको बिस्कुन

बिस्कुन हालेर रहर असरल्ल
सुकाएँ टन्टलापुर घाममा
सुकेको ठानेर रहरको बिस्कुन
उठाउन खोज्दाखोज्दै वर्षियो पानी
र भिज्यो लथाचुर्न भएर

थिएन बादल आकाशमा
न गर्ज्यो मेघ नै
चम्केन बिजुली पनि
तर दर्क्यो पानी र भिज्यो रहरको बिस्कुन

मनको धोक्रोमा कोचें
ओसिलो रहरबिस्कुन
डुलें यताउति
ढाडिएर ढुस्स फुलेको मन बोकेर
तिमीसामु उभिएको छु
दिन्छौ र एक गुन्द्री घाम ?

⊙⊙

### ५.१.१८. बिरानो मन

मखमलीहरू फुल्नुपर्ने मनमा उन्यू बुढिएपछि
उत्साहित बन्नुपर्ने मन अनायास कुँडिएपछि
मानसपटलमा चटारो पर्दो रहेछ
जिन्दगी नै एकाएक झटारो बन्दो रहेछ

सगरमाथा फुच्चिन्छ खुसीहरू रोदन बनेपछि
जीवन माखो हुन्छ निरासाले छाती भेदन गरेपछि
पल्लवित मन पनि अपर्झट मर्दोरहेछ
अकल्पनीय कुरो वास्तविक बन्दो रहेछ

निरन्तर आकाश रुन्छ मौसमी यामले
धर्ती रन्कन्छ रापिलो घामले
तर बेमौसम, बेसमय हृदय धड्किदो रहेछ
जिन्दगी बम बनेर आफै पड्किदो रहेछ

त्यहीँ परको सालघारी पनि निस्पट्ट बनेको छ
अलि माथिको देउराली पनि क्षितिज भएको छ
पारिपाखाको कुरै नगरौं त्यो त परदेश भएको छ
साँच्चै यो मन नै बिरानो भएको छ

स्मृति भन्ज्याङमा दन्दनी डढेलो सल्किएपछि
मन मधुमासमा पल्किएपछि
मन त्यसै-त्यसै पोथ्रिँदो रहेछ
अजर मन पनि त्यसै थोत्रिँदो रहेछ ।

⊙⊙

### ५.१.१९. ध्वाँसे बाकस

बाकस,
- सबैतिरबाट ध्वाँसोले हमला गरेको
  टिनको पुरानो
- कब्जा खुस्किएको
- मौलिक रङ अनुमान पनि गर्न नसकिने

लगभग आफू निखिएर पनि मलाई
जीवित राखेछ-
- हस्तलिखित पत्रिकाका मूल प्रतिहरू
- सिकारु कविताका हरफहरू
- झुत्रे डायरी
- केही पत्रिका
- प्रश्नपत्रहरू
- आएका चिठीहरू

अनि क्लबको माइन्यून र अरुअरु थुप्रै चीज
म बाकसभित्र सिङ्गै पसिसकेछु

ओल्टाइपल्टाइ गरिरहें कागजहरू
जिन्दगीका अमूल्य दस्तावेजमात्र होइन रहेछ
सम्झनाका पोका रहेछन्
मायावी हातजस्ता कति स्पर्शिला !
गज्जबको अनुभूति भइरहेछ मलाई,
यिनैले मुटु छामिरहेजस्तै
नियास्रिएर मलाई नै पर्खिरहेजस्तै ।

⊙⊙

## ५.१.२०. सजीव समय

धोक्रोमा कोचेर समय
जतन गरिरहेछौं
सजीव समय निस्सासिइरहेछ
समयलाई,
        अक्सिजन दिइएन
        मलजल गरिएन
समय, हाम्रा पक्षमा बेमौसममै ओइलायो
वास्तवमा समय त ओइलाएन
हामी नै ओइलायौं
डुबिरह्यौं समयगर्तमा

निर्जीव ठानेर समय
आफै लास बनिएछ
समय हल्किसक्दा कतै ढल्किएछ
जिउँदोजाग्दो रहेछ समय त !

समयका प्रत्येक पल
अमूल्य भएर पनि
मूल्यहीनता हाम्रो उपलब्धी
अ हो, समय त कति टाढा पुगिसकेछ !

⊙⊙

## ५.२ 'सजीव समय' कवितासङ्ग्रहको विवेचना र मूल्याङ्कन

विभिन्न समय-सन्दर्भ र परिवेशमा विविध विषयमा रचिएका बीस थान कविताहरूको सँगालोको रूपमा ***सजीव समय*** कवितासङ्ग्रह रहेको छ । यो खण्डमा तिनै सङ्गृहीत कविताहरूको विवेचना र मूल्याङ्कन गरिन्छ ।

### ५.२.१. जुलुस; उमङ्गका मुनाहरूको

यस सङ्ग्रहभित्र सङ्गृहीत पहिलो कविता हो– जुलुस; उमङ्गका मुनाहरूको । लामाछोटा छ पङ्क्ति गुच्छामा संरचित प्रस्तुत कविता गद्यशैलीको भएर पनि अन्त्यानुप्रासीय श्रुतिरम्यताले अन्तरसङ्गीतको उत्पादन गरी पाठकलाई खिच्न सक्ने क्षमता देखिन्छ । यो कवितालाई कवितातत्त्वका आधारमा निम्नानुसार विवेचना गर्न सकिन्छ:

#### कविताको विषयवस्तु र भाव

कविताको शीर्षक नै भावनात्मक छ र कविता पनि त्यस्तै । मनभित्र उत्पन्न हुने विभिन्न तरङ्ग, ज्वारभाटा, मनोद्वेगलाई जुलुसे वा आन्दोलनकारीमा आरोपित गरिएको छ । कवितामा 'म' पात्र अदृश्य रूपमा निहित रहेको पाइन्छ । मनका रहर, उमङ्गले सभ्य जुलुस निकाल्ने भएकाले त्यसमाथि प्रतिकार गर्नुको औचित्य देख्दैनन् कवि । जुलुस सभ्य भएर पनि मैनका ताता थोपा मुटुमाथि तप्पतप्प चुहाइदिएर कविको जिन्दगीलाई तमतमाइँदो पारिदिएको छ । यो कवितामा कविको स्मृतिदंश प्रशस्त मात्रामा छचल्किएको छ । चौतारीमा बाघचाल खेलेको, पारिपाखामा दाउरा खोजेको, रयलेको चिसो पानी पिएको जस्ता सम्झना गरिएको छ । मनमा उत्पन्न हुने रहर, उमङ्गका जुलुस नजानिँदो तवरले डस्ने किसिमको भएर पनि त्यसलाई प्रहार गर्न नसकिने विचार व्यक्त गरिएको छ ।

#### भाषाशैली र संरचना

'जुलुस; उमङ्गका मुनाहरूको' कविताको भाषाशैली सरल किसिमको छ । प्रथम पुरुष दृष्टिविन्दुमा पुराना सम्झनालाई ताजा गराउँदै जीवन पीडामयी भएर पनि जिजीविषा साँचिरहेको उल्लेख गरिएको छ । केही मात्रामा अन्त्यानुप्रासको संयोजन गरिएको छ; जस्तो साँचिरहेछु, बाँचिरहेछु । मध्यानुप्रास पनि पाइन्छ । तत्सम् र तद्भव दुवै खालका शब्दहरूको बराबरीजस्तै प्रयोग भएको छ । तमतमाइँदो जिन्दगी, अलिनो तिर्सनाजस्ता बिम्बहरूको प्रयोग भएका छन् । सानासाना छ पङ्क्ति गुच्छामा निर्मित प्रस्तुत कविता औसत फुटकर कविता आयाममा संरचित देखिन्छ ।

#### शीर्षकीकरण

यस कविताको शीर्षकले कलकलाउँदो उमङ्ग वा उत्साह, रहरको जुलुस भन्ने प्रत्यक्ष आभास दिन्छ । वास्तवमा कवितामा पनि त्यस्तै छ । कविको मनमा उत्पन्न हुने रहरका पालुवा जुर्मुराएर उठेको प्रसङ्गले कविताको विषयवस्तु र शीर्षकको तालमेल भएको पाउँछौं । यसकारण शीर्षक सार्थक देखिन्छ ।

**टिप्पणी**

'जुलुस; उमङ्गका मुनाहरूको' शीर्षकीय कविता एक भावनात्मक कविता हो । कविको स्मृतिदंशदेखि उच्छलन भएका उमेदहरूको संयोजनको रूपमा प्रस्तुत कवितालाई लिन सकिन्छ । सामान्य कविताको श्रेणीमा राख्न सकिने यो कवितामा केही सम्झना, उत्पन्न उमङ्ग अनि त्यसप्रतिको विवशता कवितामा देखिन्छ ।

## ५.२.२ रक्तरेखाङ्कित बुद्धको अनुहार

मझौला आकारमा संरचित प्रस्तुत कवितालाई कवितातत्त्वका आधारमा निम्नानुसार विवेचना गर्न सकिन्छः

### कविताको विषयवस्तु र भाव

यस कविताले समेट्न खोजेको विषयवस्तु मुलुकमा बढ्दो हत्याहिंसा, अशान्ति, संवेदनाहीनता हो । बाहिरी मुलुकमा एक-दुईजना मारिएको खबर आउँदा चुकचुकाउने र सुकसुकाउने नेपाली यतिबेला आफै हत्याहिंसामा प्रत्यक्ष उत्रिरहेको छ या त मारमा परिरहेको छ । यस्तै दुष्कर्ममा पनि गर्व गरिरहेका छौं । आम नेपालीहरूमा रहेको भाइचारा, मानवीय संवेदना बिस्तारै धरासायी भई निर्मम बन्दै गएको प्रसङ्ग यस कविताको विषय हो । शान्तिका दूत बुद्धको यतिबेला बेइज्जत भएको छ । उनी मानव रक्तआहालमा पर्न विवश बनेको भाव कवितामा रहेको छ ।

### भाषाशैली र संरचना

'रक्तरेखाङ्कित बुद्धको अनुहार' कविता भाषाशैलीका आधारमा त्यति जटिल पनि छैन र सरल पनि । अर्थात् मध्यम स्तरको भाषाशैलीमा संरचित यस कविता प्रथम पुरुष दृष्टिविन्दुमा रचिएको छ । फूललाई प्रतीक बनाएर पूर्वसंवादको प्रसङ्ग र वर्तमानको अवस्थालाई इङ्गित गरिएको छ । प्रतीकात्मक तवरले फूलसँगको प्रतिस्पर्धा तथा कठोर भएर उसलाई हराउने जिताइको प्रसङ्गले कविता रोचक बन्न सहयोग पुगेको छ । मध्यम आयाममा संरचित यो कविता सरल र स्पर्शी बनेको छ ।

**शीर्षकीकरण**

शान्तिदूत गौतम बुद्धको जन्मस्थान नेपाल हो । नेपालमा शान्ति थियो, कोहीबेला । अहिले भने आन्तरिक कलह, राजनीतिक खिचातानीसँगै अशान्ति फैलिएको छ । मान्छे-मान्छेबीच नै काटमार मच्चिएको छ । यस खालको हत्याहिंसा, काटामारले गर्दा शान्तिका दूत गौतम बुद्धको अनुहारमा पनि रगत छ्यापिन पुगेको छ । तसर्थ कविताले शीर्षक पाएको छ–रक्तरेखाङ्कित बुद्धको अनुहार । कविताको विषयवस्तु, भाव सुहाउँदो भएको हुँदा शीर्षक सार्थक देखिन्छ ।

**टिप्पणी**

'रक्तरेखाङ्कित बुद्धको अनुहार' शीर्षकीय कविता देशको वर्तमान अवस्थाको चित्रण हो । विगतको यथोचित स्मरण गर्दै, इतिहासलाई सम्झँदै वर्तमानको मूल्याङ्कन र तुलना हो । सचेत र संवेदनशील नेपाली अहिले आएर संवेदनाहीन बन्दै गएको प्रसङ्ग प्रस्तुत कवितामा आएको छ ।

हामी नेपालीले गर्व गर्ने विषय थियो- हामी शान्तिप्रेमी हौं भनेर । अहिले त्यो रहेन । विश्वमा अमर रहेका, आस्थाका धरोहर बनेका बुद्धको अनुहारमा मानव रगतका छिटा छर्ने हामी नै भएका छौं । यही विडम्बनालाई कवितामा उतारिएको छ ।

## ५.२.३. कति कृतघ्न म ?

### विषयवस्तु र भाव

मानिस एक अभिमानी प्राणी हो । यत्तिकै ठूलो जन्मिएँ होला भन्ने सोचेर आमालाई बिर्सन सक्छ । त्यत्तिकै यति जान्ने भएँहुँला भन्ने ठानेर गुरुहरूलाई सम्झँदैन । अप्ठ्यारामा साथ दिनेहरूलाई भुल्छ । यस्तै विषयको सेरोफेरोमा यो कविता घुमेको छ । कतिले गुण लगाएर कृतज्ञ बनाएका हुन्छन् तर मानिस त्यसको बदला 'धन्यवाद' सम्म पनि दिन चाहन्न । मानिसमा हुने यस खालको कृतध्नतालाई यस कविताले विषय बनाएको छ । धेरै मानिस त जिन्दगीका दौडानमा साथ दिनेलाई चटक्क बिर्सन सक्छन् । कोही  भने कुनै बेला सचेत भएर यसबारेमा चिन्तन गर्न पुग्छन् । सम्झन्छ हिँडाउने बाटो, खोला तराउने लट्ठी, पुल यस्तैयस्तै । हामीले हाम्रा सफलतामा साथ दिने हातहरूलाई भुल्नुहुन्न भन्ने भाव यो कविताले बोकेको छ ।

### भाषाशैली र संरचना

यो कविता अलिक जटिल भाषाशैलीमा लेखिएको छ । मचक्क टेकेको ठाउँ, अडिएको टेको, समाउने लट्ठी, नदी तराउने पुलजस्ता प्रतीकको प्रयोग गरिएको छ । लघुआयाममा संरचित छ यो कविता । बिम्ब, प्रतीकको प्रयोगले गर्दा कविता सुन्दर बनेको छ । छोटेमीठो, रोचकघोचक बनेको यो कविता प्रथम पुरुष दृष्टिविन्दुमा लेखिएको छ ।

## ५.२.४. आमाको जतन

### कविताको विषयवस्तु र भाव

कविताको शीर्षक पढ्दा यसको भाव र विषयवस्तु त्यति गहिरो होलाजस्तो लाग्दैन । तर यस कवितामा आमाको जतन अर्थात् आमाको जोगाडभित्र सिङ्गो देश र आशावादी जनता अटाइएको छ । यहाँ आमाको रूपमा नेपाली आमा रहेकीछन् । अदृश्य रूपमा रहेकी उनले आशावादी जनताको लागि भरलाग्दो ओत बनाउँदैछिन् भन्ने अपेक्षा राखिएको छ । हामी अहिले जीर्ण घरको चुहुने छानोमा जीवन गुजारा गरिरहेका छौं । त्यसो त औसत नेपालीको अवस्था यही नै हो । आमाको काम गराइ पत्यारिलो त छैन । जस्तो सन्दुसमा ढुङ्गा चाङ लगाएर राखिरहेकिछिन् । तैपनि उनीले जतन गरेको र कुनै दिन चिटिक्कको घर बनाइदिने आश देखाइदिएबाट हामी नेपाली आशैआशमा सास राखिरहेको यथार्थ झल्कन्छ । विश्वासै नलाग्ने कुरा पत्याएर पनि जीवन गुजार्नुपर्ने विवशता यस कविताको विषयवस्तु रहेको छ ।

### भाषाशैली र संरचना

'म' पात्रको माध्यमबाट प्रथम पुरुष दृष्टिविन्दुमा आमालाई सम्मुख राखिएको छ । आमालाई प्रतीक बनाएर उनको कामकाजलाई देखाइएको छ । कविताको भाषाशैली सरल भएर पनि प्रतीकात्मक रहेकाले केही कठिनस्तरको मानिन सक्छ । यद्यपि कविता दुरुह बनेको छैन । यो कविता लघुआयाममा संरचित छ ।

**शीर्षकीकरण**

*आमाको जतन* कविताको शीर्षकले आमाले कुनै वस्तुको जोगाड गरेको आभास हुन्छ । सीधा अर्थमा आमाले ढुङ्गाको जतन गरको देखिन्छ । यद्यपि यसले बुझाउन खोजेको कुरा अरु नै भए पनि कविताको विषयवस्तु वा भावविधानलाई आत्मसाथ गर्न सक्ने अभिधात्मक अर्थ वहन गर्नेहुँदा *आमाको जतन* शीर्षक उचित देखिँछ ।

## ५.२.५. प्रतीक्षा, नयाँ वर्षको

**कविताको विषयवस्तु र भाव**

यस कवितामा 'नयाँ वर्ष' को खोजी गरिएको छ । धेरै कथित् नयाँ वर्षलाई फटाइसक्दा पनि आमालाई खुसी दिन सकिएको छैन । देशको शासकीय प्रणाली नै गलत भएकाले यस खालको विडम्बना भोग्न परेको अवस्था प्रस्तुत कवितामा चित्रित छ । धेरै धन हुनेहरू विदेशमै थन्क्याउँछन्, बलियाबाङ्गाहरू विदेशमै गुलामी गर्छन्, नेताहरू झुठा आश्वासन दिन्छन् र जनतालाई ठग्छन् । जनता ठगिएको प्रमाण वर्षौदखि सुरक्षित भएर पनि यसको सुनुवाई कहिल्यै नभएको अभिशप्त जिन्दगी जिउँन विवश कथा यस कवितामा उनिएको छ । त्यस्तो नयाँ वर्षको प्रतीक्षा गरिएको छ; जहाँ मेहनत र दुःख गर्नेहरूले श्रमको उचित मूल्य पाउनेछन् ।

**भाषाशैली र संरचना**

बिम्बाहित आयोजना गरी सुललित शैलीमा लेखिएको प्रस्तुत कविता सुन्दर बनेको छ । एक पसर खुसी, भनिने नयाँ वर्ष, सुन फलाउने कथा, सम्भावित नयाँ वर्ष, हारगुहारको असार, मङ्सिरको मीठो सपना जस्ता बिम्बको प्रयोगले कविता सुन्दर बनेको छ । चार पङ्क्ति गुच्छामा संरचित यो कविता मझौला आकारको रहेको छ ।

**शीर्षकीकरण**

असार लगाउनेहरू अथवा मेहनत, दुःख गर्नेहरू नै मङ्सिर भित्र्याउन अथवा श्रमको मूल्य पाउने नयाँ वर्षको पर्खाइ कविताको निष्कर्ष रहेबाट *प्रतीक्षा नयाँ वर्षको* शीर्षक औचित्यपूर्ण देखिन्छ ।

## ५.२.६. परिवेशलाई नियाल्दा

**कविताको विषयवस्तु र भाव**

प्रस्तुत कवितामा वर्गीय समाजको खाका हेर्न सकिन्छ । हुनेखाने वर्ग र हुँदाखाने वर्गलाई प्रस्ट रूपमा इङ्गित गर्दै हुँदाखाने वर्ग सदैव सन्त्रासमा रहिरहनुपरेको वास्तविकतालाई औंल्याइएको छ । अभावैअभावमा जिन्दगी काट्नुपर्ने वर्गले वास्तविकताको राम्रो जानकारी पाइसकेपछि समानताको लडाईं लड्नका लागि आह्वान गरिएको छ । यहीं पेटभरि पानी खान नपाउनेहरू छन्, कोही ठूला होटलमा ज्यूनार गर्छन् । कोही हवाईजहाजमा हुइँकिन्छन् त कोही थाप्लामा भारी खेपिरहेका छन् । चरम अभावको पीडा खेपिरहँदा पनि सन्त्रासमा पिल्सिनुपर्दाको अवस्था झन् दर्दनाक रहेको छ । कवितामा यही अवस्था चित्रित छ । आह्वान गरिएको छ सङ्घर्षमा उत्रनका लागि । यो प्रगतिवादी कविता हो ।

**भाषाशैली र संरचना**

सरल भाषाशैली संरचित परिवेशलाई नियाल्दा कविता मझौला आकारमा संरचित छ । साँल्दाइलाई सम्बोधन गरी परिवेशको बयान गरेर एकलापीय शैलीमा क्रान्तिमा उत्रनसमेत आह्वान गरिएको छ । तत्सम्, तद्भव, ठेट नेपाली तथा आगन्तुक शब्दहरूको समेत समिश्रण रहेको छ ।

**शीर्षकीकरण**

'परिवेशलाई नियाल्दा' शीर्षकीय कवितामा समग्र सामाजिक परिवेशलाई हेर्ने काम भएको छ । हाम्रो समाजको प्रस्ट तस्बिर आएकाले परिवेशलाई राम्ररी नियाल्ने काम भएको भन्न सकिन्छ । परिवेशलाई नियाल्दा जे. देखिएको छ त्यही कुराको बयान गरिएको छ । वास्तवमा परिवेशलाई नियाल्ने काम नै भएकाले शीर्षकीकरण औचित्यपूर्ण छ ।

## ५.२.७. आरामीपत्र

**कविताको विषयवस्तु र भाव**

आरामीपत्र कविता देशको शान्तिसुरक्षा बिग्रिएको अवस्थाको चित्रण हो । कोही व्यक्ति कहीं पनि निर्धक्क, सुरक्षित रहन नसक्ने वास्तविकता देखाइएको छ । यस कवितामा टाढा रहेको छोराले आमालाई आराम रहेको जानकारी गराउँदा पनि आमाले विश्वास गर्न सकेकी छैनन् । यो देशको बिग्रँदो शान्तिसुरक्षाको अवस्थाले यही नै देखाएको छ । देशको वास्तविकता यस्तै रहेको छ । कविताको विषयवस्तु वा भावविधान यस्तै छ ।

**भाषाशैली र संरचना**

सरल र सुललित गद्यशैलीमा लेखिएको छ आरामीपत्र कविता । लघुआयाममा संरचित प्रस्तुत कविता मध्यानुप्रास तथा अन्त्यानुप्रासको संयोजनले कविता राम्रो बन्न सघाउ पुऱ्याएको छ । कवितामा बिम्बविधानको समेत प्रयोग भएको हुँदा कविता राम्रो बनेको छ ।

## ५.२.८. अमलाको स्वाद

**कविताको विषयवस्तु र भाव**

देशमा शान्ति, समृद्धि, अमनचयन अमला नचाख्नेलाई अमलाको स्वाद कस्तो होला भन्ने जिज्ञासाजस्तै भएको भाव अमलाको स्वाद कविताको रहेको छ । एउटा वर्ग छ, जो अमूर्त चीजको आशा, अपेक्षा देखाएर निरन्तर ठगिरहेको छ अर्को वर्गलाई । एउटा भनाइ छ - अमलाको स्वाद कस्तो हुन्छ भन्ने तेत्तीसवटा किताब पढेर पनि थाहा हुन्न, आमाले बयान गरेर पनि पत्तो पाइन्न । अतः अमलाको वास्तविक स्वाद थाहा पाउन त चाख्नै जरुरी हुन्छ । देशको सुव्यवस्थालाई अमलामा आरोपित गरिएको छ प्रस्तुत कवितामा ।

**भाषाशैली र संरचना**

गद्यशैलीमा प्रतीकात्मक शैलीमा लेखिएको प्रस्तुत कविता लघुआयामको छ । अमलालाई प्रतीक बनाएर मुलुकको यथार्थ स्थिति भनौं या आम नेपालीको नियतिलाई प्रस्तुत गरिएको छ । सरलशैलीमा लेखिएको यस कविताले निरीह जनताको अवस्था दुर्नियतिलाई देखाइएको छ ।

## ५.२.९. निर्दोष मुस्कान

### कविताको विषयवस्तु र भाव

प्रस्तुत कविता सङ्ग्रहकै लघुकायाको कविता हो । एकै पङ्क्ति गुच्छामा संरचित यो कविताको विषयवस्तुको रूपमा बालकको बालसुलभ मुस्कानलाई लिइएको छ । निश्चित रूपमा बालकहरू निर्दोष हुन्छन् । जन्मँदा उनीहरूको हरामविराम केही हुन्न । त्यसैले उनीहरूको हाँसो पनि निष्कपट हुन्छ । विडम्बना त त्यहाँ छ कि त्यो निर्दोष मुस्कान जन्मँदै बन्धकमा परिसकेको हुनेछ । थाप्लाभरि रिन हुने छ, वरिपरि बारुद, खुकुरी, तरबार हुनेछन् । यस्तै विसङ्गति नै कविताको विषयवस्तु हो ।

### भाषाशैली र संरचना

सरल, सुबोध भाषाशैलीमा यो कविता लेखिएको छ । सङ्ग्रहकै सर्वाधिक लघुआकारको कविताको रूपमा निर्दोष मुस्कान कविता रहेको छ ।

## ५.२.१०. कालुको बारीमा भालुको रस्ता

### कविताको विषयवस्तु र भाव

यो कविताको मूल विषयवस्तु देशभित्रका यावात् समस्या नै हुन् । देशको सीमा अतिक्रमण, भाषासंस्कृतिमाथिको वैदेशिक हमला, आपसी भाइचारामा दरार उत्पन्न भई काटमारमा उत्रिएको अवस्था आदि विषयवस्तु प्रस्तुत कवितामा रहेका छन् । सुन्दर, शान्त र विशाल भनिँदै आएको नेपालमा सुन्दरता, शान्तपन र विशालता के-कसरी सङ्क्रमण भइरहेको छ भनेर प्रस्ट रूपमा देखाइएको छ । छिन्ताङ, पिस्करजस्ता ऐतिहासिक घटनाहरूको समेत उठान गरिएको छ । देशको समग्र विडम्बना नै कालुको बारीमा भालुको रस्ता कविताको विषयवस्तु हो ।

### भाषाशैली र संरचना

कवितामा व्यङ्ग्यको रमरम पाइन्छ । केही  मात्रामा बोलीचालीका ठेट भाषा पनि प्रयोगमा आएको छ । तत्सम्, तद्भव, र आगन्तुक शब्दहरूको छ्यासमिस प्रयोग पाइन्छ । यो कविता सङ्ग्रहको लामो आकारको कवितामा गनिन्छ । मध्यानुप्रास तथा अन्त्यानुप्रासको श्रुतिरम्यताले अन्तरसङ्गीत उत्पन्न भई कविता रोचक-घोचक बनेको छ ।

## ५.२.११. लासको अभिनय

असक्षम नेतृत्व तथा व्यक्तिहरूको बोलवालालाई **लासको अभिनय** कविताले विरोध गर्दै सबल र सक्षमलाई अवसर दिनुपर्छ भन्ने आवाज बुलन्द पार्दछ । असक्षमलाई लासमा आरोपित गरिएको छ । उसले जीवित रहेको सक्षम, सबल रहेको अभिनय गरे पनि त्यसको पत्तो सचेत जनमानसले पाइसकेकाले अभिनय निरर्थक रहेको जनाउ दिइएको छ । अन्ततः सबल र सक्षम मान्छेको नै आवश्यकता पर्दछ । उसले नै केही गर्न सक्छ भन्ने भाव प्रस्तुत कविताको रहेको छ ।

प्रतीकात्मक तरिकाले संरचित प्रस्तुत कविता मझौला आकारको रहेको छ । कवितामा अन्तरलय निहित हुनाले सरस बनेको छ ।

## ५.२.१२. अभाव/तृप्ति

गाउँ छाडेर शहरमा पढ्न बसेको व्यक्तिको मनोदशालाई प्रस्तुत कविताले विषय बनाएको छ । शहरमा हुने पानी, इन्धनको अभाव, विद्यार्थीमा हुने आर्थिक समस्या र यसैले उत्पन्न गराउने परिणाम नै कविताको विषयवस्तु हो । शहरभित्रको निस्सासिँदो वातावरण अझ अभावग्रस्त जीवन जिउन विवश बबुराले आत्मबल दह्रो बनाउने प्रयत्न गर्छ । पूर्वस्मृतिले ढाकिन्छ पनि । यस्तै भाव रहेको छ यो कविताको ।

मध्यानुप्रास र अन्त्यानुप्रासले सिर्जना गर्ने अन्तरलयले कविता मीठो बनेको छ । कविता सरल भाषाशैलीमा संरचित छ । छोटाछोटा पाँच पङ्क्ति गुच्छामा ठीकै आकारमा यो कविता संरचित छ ।

## ५.२.१३. यी अक्षरहरू

मानिस आफैले कोरेको सीमालाई साँघुरो मान्न थाल्छ । आफैले बनाएको अनुशासन झन्झटिलो ठान्न थाल्छ । सामाजिक हैसियतले बनेको व्यक्तित्व पनि बोझिलो बन्दैजाने वास्तविकता नै प्रस्तुत कविताको भाव हो । मानिस आफैले कोरेका साँधसीमालाई अक्षरमा आरोपित गरिएको छ । हुन त समाजको लागि पाच्य नहुने त्यस्ता काम पनि पर्न सक्छन् । यद्यपि कविताको ‘म’ पात्रले स्वतन्त्रता खोजेको हुन्छ । सामाजिक दायरा नाघेर उन्मुक्त अराजक वातावरणमा वेपर्वाह बतासिन खोजेको हुन्छ तर अक्षररूपी बाँधले छेक्छ । समाउँछ कठालोमा र राख्छ ठेगानमा । यस्तै-यस्तै भावसंयोजन यी अक्षरहरू कवितामा रहेको छ ।

सरल र सहज भाषाशैलीमा यो कविता लेखिएको छ । आयामगत रूपमा हेर्नुपर्दा लघुआकारमा रहेको छ यो कविता ।

## ५.२.१४. बगरसँगै बगर भएर

कविताको शीर्षक हेर्दै निरासामा रचिएको रचनाजस्तो लाग्ने यो कवितामा कविले भनौं या कविताको ‘म’ पात्रले आफ्नो लहलहाउँदो जोवान सम्झेर पश्चाताप गरिरहेका छन् । कलकलाउँदो उमेर, लाली जोवान इनद्रावतीको पानीसँगै बगेकोमा पछुताउँदै बिलौना गरेका छन् । नदी गतिवान् छ । निरन्तर बगिरहन्छ । नदीको प्रवाहजस्तै मानिस प्रवाहित हुन सकेदेखि नै सफलता पाउन सक्छ । अन्यथा रहरलाग्दो उमेर बगरजस्तै बञ्जर बन्न पुग्छ । यसले कुनै उत्पादन वा उपलब्धि दिन सक्दैन भन्ने आशयको विषयवस्तु कवितामा पाउन सकिन्छ ।

चार पङ्क्तिमा संरचित प्रस्तुत कविता सरल र संवेद्य भाषाशैलीमा संरचित छ । बिम्ब र प्रतीकको समुचित प्रयोगले कविता सुस्वादिलो बनेको छ ।

## ५.२.१५. इतिहासः वर्तमान, भविष्य

इतिहास बितेका कुराको बयानमात्र होइन । न यो शासकीय स्तुतिमात्रै । बरु इतिहास त वर्तमान हो, अझ भविष्य पनि । इतिहासका घटना विवरणबाट वर्तमानमा केही सिक्न जरुरी छ । यसले भविष्यको बाटो निर्धारण गर्न सहायकसिद्ध हुन्छा भन्ने मूलभाव  यो कवितामा रहेको छ । भनिन्छ इतिहास जित्नेहरूको हो । जित्नेहरूकै इतिहास लेखिन्छ । त्यसै हो भने पनि

जित्नेहरूले कसरी जित्नेरहेछन् भन्ने सिकाइ पनि हुन सक्ला । जे हास् धेरै कुरा सिक्न सकिने आशयका साथ यसले वर्तमान र भविष्यलाई पनि राम्रो गर्ने भाव यो कवितामा पाइन्छ ।

भाषाशैली जटिल छैन । चार पङ्क्तिमा संरचित यो कविता छोटो आकारको ।

## ५.२.१६. थाहा छैन पुग्ने कहाँ हो ?

बेगन्तव्य हिंड्ने यात्रीको कथा हो प्रस्तुत कविता । धेरै मेहनत गरेर पढेपछि उचित स्थान नपाउनुको पीडा पनि हो । निश्चित उद्देश्य थाहा नपाइकनै पढाउने परिपाटी जो अहिलेसम्म पनि विद्यमान छ, त्यसकै खिलाफमा यो कविता रहेको छ । एउटा अभिशप्त जिन्दगीको कथा जसले जसले धेरै जनजीवनको प्रतिनिधित्व गर्न सक्छ, यस्तै विवश जिन्दगीको साङ्गोपाङ्गो कथा नै प्रस्तुत कविताको विषयवस्तु हो ।

गद्य कविता भएर पनि आंशिक अन्त्यानुप्रासको संयोजनले कविता सुललित बनेको छ । सानाठूला छ पङ्क्तिमा रचिएको यो कविता मझौला आकारको छ ।

## ५.२.१७. रहरको बिस्कुन

मानवमनमा उत्पन्न हुने रहर बिस्कुनजस्तै छरिन थाल्छन् । रहरको कुनै साँधसीमा हुन्न । चौतर्फ फैलिन सक्छ । नियन्त्रणमा हुनसक्छ, नियन्त्रण बाहिर पनि । जरुरी छैन सबै रहर पूरा हुनुपर्छ भन्ने । पूरा हुन्न पनि । कतिपय रहर भने टड्कारो रहन्छ र सताइरहन्छ  हरपल । त्यस्ता रहर मनको कुनामा जतन गरेर राख्न पनि खोजिन्छ र कहिले बिस्कुन हाल्न पनि । रहरमा वर्षारूपी आघात पनि पुग्न सक्छ । यस्तै भाव रहेको छ रहरको बिस्कुन कवितामा । आघात पुगेको रहरलाई उठान गर्न वा जगेर्ना गर्न कोहीसँग याचना गरिएको भाव यसमा रहेको छ ।

लघुआयामा संरचित प्रस्तुत कविता प्रतीकात्मक रूपमा लेखिएको छ ।

## ५.२.१८. बिरानो मन

सबैभन्दा ठूलो कुरा मन नै हो भन्ने भाव बिरानो मन कवितामा पाइन्छ । मन खुसी नभए संसारमा प्राप्त भौतिक सुखले खुसी हुन सकिन्न । असाधारण, असामान्य कुरा पनि मन भङ्ग्रालिएको बेला सामान्य, साधारण लाग्छन् । अझ अर्थहीन वा निरर्थक लाग्छन् । मनमा चोट परेपछि सबै अँध्यारो लाग्न थाल्छ । यस्तैयस्तै भाव प्रस्तुत कविताको रहेको छ ।

चार-चार हरफको पाँच पङ्क्तिमा यो कविता सरल शैलीमा संरचित छ ।

## ५.२.१९. ध्वाँसे बाकस

**ध्वाँसे बाकस** शीर्षक हेर्दै सामान्य लाग्ने यो कविता पढ्दैजाँदा त्यस्तो लाग्दैन । अर्थात् यससँगको साइनो गहिरै रहेछ भन्ने  लाग्छ । मामुली चीजको प्रतीकको रूपमा ध्वाँसे बाकस रहे पनि जीवनको महत्वपूर्ण पाटोसँग त्यसले साक्षात्कार गरेको प्रसङ्ग प्रस्तुत कवितामा छ । सिङ्गो जीवनसँग प्रत्यक्ष सम्बन्ध राख्ने त्यो चीज मामुली नभइकन जीवन सम्झाउने एक महत्वपूर्ण चीजको रूपमा कविले चित्रण गरेका छन् ।

विवरणात्मक शैलीमा संरचित **ध्वाँसे बाकस** कविता प्रथम पुरुषीय आत्मालापी शैलीमा लेखिएको लघुकायाको रचना हो ।

### ५.२.२०. सजीव समय

सङ्ग्रहकै शीर्ष कविताको रूपमा रहेको **सजीव समय** शीर्षकीय कविता समयको जिउँदोपनसँग सम्बन्धित छ । समय कुनै निर्जीव चीज होइन । रोकेर रोकिने, छेकेर छेकिने वस्तु पनि समय होइन । आफ्नै गतिमा गतिमान् हुने समय पक्षपाती पनि छैन । सबैलाई समय समान रूपमा आउँछ । बरु उसले कति मात्रामा उपयोग गर्नसक्छ भन्नेमात्रै हो । समय नबुझ्ने नै पछि पर्छ । समय बुझ्नेले जहिल्यै बाजी मारिरहेको हुन्छ भन्ने मूल विषयवस्तु यो कविताले बोकेको छ । सरल र संवेद्य शैलीमा संरचित सजीव समय औसत आकारको छ ।

**निष्कर्ष**

सजीव समयभित्र सङ्गृहीत कविताहरू विभिन्न भावभङ्गिमामा लेखिएका छन् । सामयिक टिप्पणीका रूपमा रहेका यी कविता युगीन पीडा नै प्रशस्त झल्केका छन् । देशमा बढ्दो हत्याहिंसा, अशान्ति, कोलाहल, अराजकता, महँगी, अभाव, भ्रष्टाचार, दुराचार, पापाचार कविताका विषय बनका छन् । वर्गीय समाजमा हुँदाखाने वर्ग चरम शोषणमा रहिरहेको र हुनेखाने वर्ग देशलाई नै बन्धक राखेर खान उद्यत रहेको विसङ्गति कवितामार्फत देखाइएको छ । दीर्घकालीन विकासका लागि, राजनीतिक स्थिरताका लागि पहलकदमी नभएको तथा देशका लागि केही योगदान पुऱ्याउन सक्ने आशलाग्दा प्रतिभा आउन नसकेको वास्तविकतालाई पनि कविताले समेटेको छ । यी र यस्ता विकृति, विसंगति, बेथितिका विरुद्ध समयलाई राम्री चिनेर अघि बढ्न सकेमा भविष्य सुन्दर छ भन्ने सकारात्मक सोच **सजीव समय**भित्र पाउँछौं ।

मानवीय जीवनका विविध अनुभव, अनुभूतिको प्रस्तुति नै कविता हो । मनका उच्छ्वास मानवीय उच्च संवेदनाकै कारण कोमल कविता बन्दछन् । कविता स्पर्शी वा छोइने किसिमको हुनु आवश्यक छ । भावकका मुटु राम्ररी छाम्ने कविता नै सफल कविता हो । आत्मसन्तुष्टि, मानवीय जागरण, शिक्षा, सन्देश विविध उद्देश्यद्वारा कविता लेखिए पनि कविता कोमल मनकै उपज भएकाले यसलाई यसै रूपमा बुझ्नुपर्ने हुन्छ ।

मैले प्रस्तुत सङ्ग्रहमार्फत पस्केका कवितात्मक सिर्जनाहरू खारिएका, पाका छैनन् । विषयवस्तुले कमजोर, फितलो प्रस्तुति, अनिश्चित उद्देश्य आदि दोष होलान् । यद्यपि जीवन भोगाइका उकालीओरालीमा भञ्ज्याङमा सुस्ताउँदा मेरा सुस्केराका रूपमा यी सिर्जना आएका छन् । नेपाली साहित्य सागरमा भलै मेरा सिर्जना 'छिटो' पनि बन्न नसक्ला । तैपनि यी मेरा प्रयत्नका पाइला भने अवश्य नै हुन् । विद्वान् समालोचक, पाठकका सल्लाह, सुझावका आधारमा अघि बढी नेपाली साहित्यिक भण्डारमा केही सिर्जना दिन हरबखत प्रयत्नशील रहनेछु ।

⊙

# <u>प्रमुख सन्दर्भसामग्री सूची</u>


(१) उपाध्याय, केशव (२०५९),छै. सं.,**साहित्यप्रकाश**, काठमाडौं :साझा प्रकाशन

(२) कोइराला, मोहन (सम्पा.) (२०५०), **आजका नेपाली कविता,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

(३) त्रिपाठी, वासुदेव र अन्य,सम्पा.(२०६५),पाँ. सं., **नेपाली कविता (भाग-४)**, काठमाडौं : साझा प्रकाशन

(४)थापा, मोहन हिमांशु (२०६६), **साहित्य परिचय,** काठमाडौं : साझा प्रकाशन

*(५) नेपाल, देवी* (२०६२), प.सं., **छन्द-पराग**, काठमाडौं : भुँडीपुराण प्रकाशन

*(६) पोखरेल, बालकृष्ण* (२०६०), **नेपाली बृहत् शब्दकोश,काठमाडौं** : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

*(७) शर्मा दाहाल, कृष्णहरि* (२०६५), **कविता-कुसुमाञ्जली** (कवितासङ्ग्रह), सिर्जनात्मक लेखन, स्नातकोत्तर तह,रत्न राज्यलक्ष्मी क्याम्पस, काठमाडौं

*(८) सुवेदी, राजेन्द्र* (२०६४), दो. सं., **सिर्जनात्मक लेखनः सिद्धान्त र विश्लेषण,** काठमाडौं : पाठ्यसामग्री पसल